
Secure Livelihoods Research Consortium

द्वन्द्व प्रभावित जीविकोपार्जन र सेवाहरूमा अनुसन्धान

# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको खानेपानी तथा सरसफाइ कार्यक्रम




कार्यपत्र ४५

गोपीकेश आचार्य, विष्णुराज उप्रेती, सुमनवावु पौडेल, अनल तण्डुकार र ड्यानियल ह्यारिस

अनुवादः गोपीकेश आचार्य
विष्णुराज उप्रेती

नेपाली भाषा शुद्धीकरणः शार्दूल भट्टराई

२०७२

Nepal Center for Contemporary Research

# हाम्रो बारेमा

सुरक्षित जीविकोपार्जनअनुसन्धान कन्सोर्टियम (सेक्योर्ड लाइभ्लिहुड्स रिसर्च कन्सोर्टियम – एसएलआरसी)ले द्वन्द्व प्रभावित अवस्थामा आममानिस कसरी जीविकोपार्जन (जीविका) गरिरहेका छन्, आफ्ना सन्तानलाई कसरी शिक्षा दिइरहेका छन्, उनीहरूले स्वास्थ्यको ख्याल कसरी गरिरहेका छन् र आधारभूत सेवाहरूमा उनीहरूको पहुँच कस्तो छ त भन्ने बारेमा तथ्यमा आधारित अनुसन्धान गर्ने लक्ष्य राखेको छ। द्वन्द्व प्रभावित अवस्थामा मानव कल्याणका काम गर्नु, सामाजिक सुरक्षा तथा आधारभूत सेवाहरूमा आममानिसको राम्रो पहुँच बनाउनु तथा जीविकोपार्जन (जीविका) मा सहयोग गर्नु आदिले सहस्राब्दी विकास लक्ष्य (एमडिजी)ले राखेको विकास लक्ष्य प्राप्त गर्न र शान्ति स्थापना तथा राज्य–निर्माणमा अन्तर्राष्ट्रिय प्रयासलाई सार्थक बनाउनमा अत्यन्तै महत्व राख्छन्।

कार्यक्रमको शुरूआती वर्षमा गरेको गहन अध्ययनअनुरूप एसएलआरसीका तीनवटा मूल विषयवस्तुहरू छन् :

- राज्यको वैधताः द्वन्द्व प्रभावित अवस्थामा राज्य तथा स्थानीय प्रशासनप्रतिको अनुभव, धारणा तथा अपेक्षा
- राज्यको क्षमताः द्वन्द्व प्रभावित अवस्थामा सामाजिक सुरक्षा तथा आधारभूत सेवाहरू प्रवाह गर्ने प्रभावकारी राज्यको निर्माण
- द्वन्द्व प्रभावित अवस्थामा जीविकोपार्जन प्रक्षेप पथ र आर्थिक गतिविधि

समुद्रपार विकास संस्थान (ओभरसिज् डिभलपमन्ट इन्स्टिच्युट–ओडिआई) यस कार्यक्रमको नेतृत्वदायी संस्था हो। एसएलआसी कार्यक्रमका साझेदार संस्थाहरू निम्नअनुसार छन् : नेपाल सेन्टर फर कन्टेम्पोरेरी रिसर्च (एनसिसिआर), सेन्टर फर पुभर्टी एनालाइसिस (सिइपिए) – श्रीलङ्का, फेइन्स्तेइन इन्टरनेशनल सेन्टर (एफआइसी, टफ्ट्स युनिर्भसिटी), द अफगानिस्तान रिसर्च एण्ड इभ्यालुएशन युनिट (एआरइयू), द सस्टेनेवल डिभलपमन्ट पोलिसी इन्स्टिच्युट (एसडिपिआई) – पाकिस्तान, डिजास्टर स्टडिज् अफ वागेनइनगेन युनिभर्सिटी (डब्लुयुआर) – नेदरल्याण्ड्स र द फुड एण्ड एग्रिकल्चर अर्गनाइजेशन (एफएओ)।

सेक्योर लाइभ्लीहुड रिसर्च कन्सोर्टियम
ओभरसिज डिभलपमेन्ट इन्स्टिच्युट
२००३ ब्ल्याकफ्रियर्स रोड,
लन्डन SE1 8NJ, ब्रिटेन

टेलिफोनः +४४ (०)२० ७९२२ ८२२१
फ्याक्सः +४४ (०)२० ७९२२ ०३९९
इमेलः slrc@odi.org.uk
वेबः securelivelihoods.org

अस्वीकारोक्तिः यस अनुसन्धानमा व्यक्त विचारहरू सम्बन्धित लेखकहरूका हुन् जसले डिएफआइडी, आइरिस एड, युरोपियन कमिशन, एसएलआरसी, एनसिसिआर लगायतका साझेदार संस्थाहरूका विचारको प्रतिनिधित्व गर्छन् भन्ने छैन। एसएलआरसीले द्वन्द्व प्रभावित अवस्थामा जीविकोपार्जन, सामाजिक सुरक्षा तथा आधारभूत सेवाहरूको प्रवाह जस्ता विषयमा अनुसन्धान गर्ने गर्दछ। एसएलआरसीको यो र अन्य यस्तै अनुसन्धानहरूः http://securelivelihoods.org/publications_details.aspx?resourceid. द्धण्डमा अंग्रेजी भाषामा उपलब्ध छन्।

यस अनुसन्धान प्रतिवेदनलाई आफ्ना प्रकाशन सामाग्रीहरूमा उद्धृत गर्न सबै सरोकारवाला पूर्ण स्वतन्त्र छन्। यद्यपि, एसएलआरसी र एनसिसिआरको प्रतिलिपि अधिकार अनुरुप सूचनाको स्रोतको सम्बोधन गर्न र प्रकाशित सामग्रीको एकप्रति प्रतिलिपि उपलब्ध गराउन अनुरोध छ।

# विषयसूची

**हाम्रो बारेमा** **क**
**एक्रोनिम्स** **ख**
**१ परिचय तथा अनुसन्धानका मुख्य प्रश्नहरू** **३**
**२ विश्लेषणको ढाँचा, अनुसन्धान पद्धति र अध्ययनको रूपरेखा** **५**
२.१ विश्लेषणको ढाँचा ५
२.२ अनुसन्धान पद्धति ६
२.३ अध्ययनको रूपरेखा ९
**३ पृष्ठभूमि तथा सन्दर्भ** **९**
३.१ एलजिसिडिपी को परिचय तथा भालुबासे (माथिल्लो), देवीथाने र भालुवासे (अट्ठारबेसी) खानेपानी कार्यक्रमको अध्ययन सर्न्दभ ९
३.२ अध्ययन गरिएको भूगोल १२
**४ अध्ययनका नतिजाहरू** **१४**
४.१ स्थानीय सरकारको खानेपानी सेवाप्रवाह गर्ने क्षमता बलियो बनाउनमा एलजिसिडिपीको भूमिका १४
४.१.१ प्रभावकारी सेवाप्रवाहमा एलजिसिडिपी को प्रभाव १४
४.१.२ समावेशी सेवाप्रवाहमा एलजिसिडिपी को प्रभाव १६
४.२ खानेपानी सेवाप्रवाह, सामुदायिक सहभागिता, स्थानीय शासन र राज्य–समाज सम्बन्ध सुधारमा एलजिसिडिपी कार्यक्रमको प्रभाव २४
४.२.१ एलजिसिडिपी कार्यक्रम अन्तर्गत खानेपानी सेवाप्रवाहमा सामुदायिक सहभागिता २५
४.२.२ खानेपानी सेवाप्रवाह र जवाफदेहितामा प्रभाव राख्नेगरी समुदायको क्षमतामा भएको परिवर्तन २६
४.२.३ खानेपानी बाहेक अन्य सेवाको प्रवाह र जवाफदेहितामा प्रभाव राख्नेगरी समुदायको क्षमतामा भएको परिवर्तन २७
**५ छलफल तथा विश्लेषण** **२८**
५.१ एलजिसिडिपीका बारेमा हाल उपलब्ध साहित्य तथा विषयवस्तुसँग यस अध्ययनको प्रासंगिकता २८
५.२ एसएलआरसीले उठाएको विषय तथा प्रस्तुत गरेका लिखित/प्रकाशित सामग्रीरूको समीक्षासँग यस अध्ययनको प्रासंगिकता ३२
**६. निष्कर्ष** **३३**
**सन्दर्भ सूची** **३६**

# एक्रोनिम्स

| | |
|---|---|
| जिविस | जिल्ला विकास समिति |
| एलजिसिडिपी | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम |
| एनसिसिआर | नेपाल सेन्टर फर कन्टेम्पोरेरी रिसर्च |
| एसएलआरसी | सुरक्षित जीविकोपार्जन अनुसन्धान कन्सोर्टियम (सेक्योर्ड लाइभ्लिहुड्स रिसर्च कन्सोर्टियम) |
| गाविस | गाउँ विकास समिति |

## १ परिचय तथा अनुसन्धानका मुख्य प्रश्नहरू

सुरक्षित जीविकोपार्जन अनुसन्धान कन्सोर्टियम (सेक्योर लाइभ्लिहुड्स रिसर्च कन्सोर्टियम -एसएलआरसी) ६ वर्षे विश्वव्यापी अनुसन्धान कार्यक्रम हो । यो कार्यक्रम नेपाल, पाकिस्तान, श्रीलंका, अफगानिस्तान, कंगो गणतन्त्र, दक्षिण सुडान, सियरा लियोन र युगान्डामा लागू भएको हो । स्थानीय स्तरमा सेवाहरू कसरी प्रवाह गरिएका छन्? सरकार तथा राज्यप्रति आममानिसको धारणा कस्तो छ ? संस्थागत, व्यक्तिगत तथा प्रणाली–स्तरमा के कस्ता क्षमताहरू निर्माण भएकाछन् त ? उल्लेखित सवालमा आधारित रही, द्वन्द्वोत्तर नेपालमा जीविकोपार्जन तथा आधारभूत सेवाहरूमा आममानिसको पहुँचबारे प्रकाश पार्नुमा यो अध्ययन केन्द्रित रहेको छ । नेपाल सेन्टर फर कन्टेम्पोरेरी रिसर्च (एनसिसिआर)ले लङ्गिच्युड्नल प्यानल सर्वेक्षण र त्यसको परिपूरकका रूपमा नेपालका इलाम, रोल्पा र बर्दिया जिल्ला (नक्सा १ हेर्नुहोस्)मा गरिएका विभिन्न क्वालिटेटिभ अनुसन्धानहरूबाट एसएलआरसीका अनुसन्धान कार्यक्रमहरूलाई सम्बोधन गर्दै आएको छ । सन् २०१२ मा आयोजना गरिएको लङ्गिच्युड्नल सर्वेक्षणको प्रथम चरणको अनुसन्धानले खानेपानी तथा सरसफाइ सेवाप्रवाहमा महत्वपूर्ण नतिजाहरू पत्तालगाएको छ । इलाम जिल्लाको इलाम नगरपालिकामा स्थानीय शासन तथा समुदायिक विकास कार्यक्रमको सहयोगपश्चात खानेपानी तथा सरसफाइको सेवाप्रवाह बारेको यस क्वालिटेटिभ अध्ययनमा लङ्गिच्युड्नल सर्वेक्षणको प्रथम चरणको अनुसन्धानका नतिजाहरूले पनि परिपूरकको काम गर्नेछन् ।

**नक्सा १: एसएलआरसी नेपालका अनुसन्धान कार्यक्रम लागू भएका जिल्लाहरु**




*स्रोतः उप्रेती लगायत अन्य (२०१४)बाट अनुकूलन गरिएको*

नेपाल सरकार र तत्कालीन माओवादी विद्रोहीबीच सन् १९९६ देखि शुरू भएको एक दशक लामो सशस्त्र द्वन्द्वका कारण पारिवारिक तथा सामाजिक सम्वन्धहरु प्रभावित हुनुका साथै देशलाई विकास सहायता पनि कम प्राप्त भयो ।


राज्यको गुणस्तरीय सेवाप्रवाह गर्ने क्षमता कमजोर हुँदै गयो । 'राज्यले प्रवाह गरेका आधारभूत सेवाहरूमा अवरोध सिर्जना गरेर राज्य–नागरिकबीच दूरी बढाउने ध्येयमा थियो तत्कालीन माओवादी विद्रोही' (आचार्य लगायत अन्य, २०१५) । द्वन्द्वको यस्तो अवस्थाले आममानिसको जीविकोपार्जनमा प्रभाव परिरहेको थियो । द्वन्द्वले राष्ट्रिय तथा स्थानीय स्तरमा हुने विकास कार्यक्रममा भ्रष्टाचार हुने वातावरण सिर्जना गर्‍यो । त्यसैगरी, द्वन्द्वले सिर्जना गरेको अनुपयुक्त अवस्थाका कारण विकासका क्रियाकलापहरूमा समुदायको सहभागिता न्यून हुँदै गयो । केही राजनीतिक परिवर्तनलाई छाड्ने हो भने, द्वन्द्वले विकासको स्तर खस्कायो, विकासकालागि आममानिसको स्वयंसेवी भावनामा गिरावट ल्यायो । समग्रमा, नेपाल सरकार र तत्कालीन माओवादी विद्रोहीबीचको उक्त द्वन्द्वका कारण व्यक्ति, संस्था र प्रणालीमा निहित क्षमता झनझन कमजोर हुँदैगयो ।

माओवादी विद्रोहको शुरुआत देखिनै नेपालका ग्रामीण क्षेत्रहरू प्रभावित हुनथाले । राज्यले आधारभूत सेवाहरू प्रवाह गर्न नसकोस् भनेर देशका विभिन्न भागहरूमा माओवादी विद्रोहीहरूले खानेपानी सेवा लगायत सेवा आपूर्तिका विविध संरचना तथा संयन्त्रहरू कि ध्वस्त पार्ने कि त क्षति पुर्‍याउने रणनीति लिए । विद्रोहको यो नीति पछाडि राज्य र आममानिस बीचको सम्वन्ध टुटाउने तथा सरकारप्रति आमामानिसमा नकारात्मक धारणाको विकास गराउने राजनीतिक ध्येयपनि स्थापित भैसकेको थियो । एसएलआरसीका अनुसन्धान कार्यक्रमलागू भएका अन्य दुई जिल्ला (रोल्पा र बर्दिया) को तुलनामा इलाम जिल्लामा द्वन्द्वको असर कम देखियो । यद्यपि, द्वन्द्वले स्थानीय सरकारको कार्यप्रणालीमा विशेष क्षति पुर्‍यायो र अन्ततः स्थानीय सरकारका सेवाप्रवाह गर्ने निकायहरूप्रति आममानिसको विश्वासमा क्षयीकरण पनि गरायो ।

सन् २००६ मा नेपाल सरकार र तत्कालीन माओवादी विद्रोहीबीच बृहत्शान्ति सम्झौता भएपछि सशस्त्र द्वन्द्वको अन्त्य भयो । यसपश्चात नेपाल सरकारले 'व्यापक सामुदायिक सहभागितासहित प्रभावकारी स्थानीय शासन व्यवस्थाको प्रक्रिया स्थापन गर्ने निधो गर्‍यो' (आचार्य लगायत अन्य, २०१५) । स्थानीय स्तरमा विभिन्न स्वायत्त निकायहरूको गठनको प्रक्रियाको बाटो खुला गरेर नेपाल सरकारले आफ्नो प्रतिवद्धता पुष्टि गर्न खोजेको थियो । जलस्रोतको क्षेत्रमा जिल्ला जलस्रोत समिति, खानेपानी व्यवस्थापन समिति, खानेपानी उपभोक्ता समिति, सिंचाइ व्यवस्थापन समिति र सिंचाइ उपभोक्ता समिति जस्ता स्वायत्त निकायहरूको गठन प्रक्रिया तीव्रगतिमा अगाडि बढ्यो ।

स्थानीय शासन तथा समुदायिक विकास कार्यक्रमले द्वन्द्वप्रभावित अवस्थामा आधारभूत खानेपानी तथा सरसफाइ सेवाप्रवाह, स्थानीय शासन र राज्य–समुदाय सम्बन्धका सवालमा पारेको प्रभावको मूल्याङ्कन गर्ने ध्येयले यो अध्ययनको परिकल्पना गरिएको हो । इलाम जिल्लाको इलाम नगरपालिकामा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले सहायता गरेका विभिन्न दश खानेपानी आयोजना मध्ये वडा नम्वर ४ र ५ (नक्सा २ हेर्नुहोस) मा संचालित तीनवटा आयोजनाहरू क्रमशः भालुवासे (माथिल्लो), देवीथाने र भालुवासे (अट्ठारबेसी) खानेपानी आयोजनालाई यस अध्ययनका निमित्त छनौट गरिएको थियो । उल्लेखित खानेपानी आयोजनाहरूको संक्षिप्त विवरण खण्ड ३ मा प्रस्तुत गरिएको छ ।

**नक्सा २: इलाम नगरपालिका (वडा नम्वर सहित)**




*स्रोतः http://www.illamonline.com/ilam-municipality.htmबाट अनुकूलन गरिएको ।*

## २ विश्लेषणको ढाँचा, अनुसन्धान पद्धति र अध्ययनको रूपरेखा


### २.१ विश्लेषणको ढाँचा

स्थानीय सरकारका निकायहरूको खानेपानी तथा सरसफाइ सेवाप्रवाह गर्ने क्षमता बलियो बनाउनमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सहायता के–कति प्रभावकारी रह्यो ?यो कार्यक्रम अन्तर्गत प्रदान गरिएको सहायताले खानेपानी तथा सरसफाइ सेवाप्रवाहमा सामुदायिक सहभागिता तथा स्थानीय स्तरमा राज्य–समुदायको सम्बन्ध स्थापित गराउनमा के–कसरी भूमिका निर्वाह गऱ्यो ? अध्ययनका लागि तयार गरिएका यिनै दुई अनुसन्धानात्मक प्रश्नहरूमा आधारित रहेर यस अध्ययनमा विश्लेषणको ढाँचा तयार गरिएको छ । पहिलो अनुसन्धानात्मक प्रश्नमा आधारित रहेर उल्लेखित सेवाको प्रभावकारिता तथा समावेशिता बारेको तथ्य प्रस्ट्याउने प्रयास गरिएको छ, जसमा प्रशासनिक व्यवधान, भौतिक पहुँच, आर्थिक पहुँच र सामाजिक व्यवधान आदिलाई प्रमुख कारकका रूपमा विश्लेषण गरिएको छ ।अनुसन्धानको दोस्रो प्रश्नलाई सम्वोधन गर्न विषयवस्तुलाई वर्गीकरण गरेर प्राप्त तथ्याङ्कलाई राख्दै विश्लेषण गरिएको छ। वर्गीकृत विषयवस्तुमा निम्न ३ वटा बुँदाहरूपर्दछन् (१) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत खानेपानी तथा सरसफाइ सेवामा सामुदायिक सहभागिता, (२) खानेपानी तथा सरसफाइ सेवाका क्षेत्रमा

प्रभाव राख्ने तथा जवाफदेही बनाउन सक्नेगरी समुदायको क्षमतामा भएको परिवर्तन, र (३) खानेपानी तथा सरसफाइ बाहेकका क्षेत्रमा प्रभाव राख्ने तथा जवाफदेही बनाउन सक्नेगरी समुदायको क्षमतामा भएको परिवर्तन ।

यसैगरी, मलेट लगायत अन्य (२०१४)मा प्रस्तुत गरिएको 'एसएलआरसी अनुसन्धान प्रश्न २को विश्लेषणको ढाँचा' लाई पनि यस अध्ययनमा विश्लेषणका लागि प्रयोग गरिएको छ । यो विश्लेषणको ढाँचाअनुसार राज्यको क्षमतालाई व्यक्ति, संगठन र प्रणाली तीनवटै तहमा निहित क्षमताको सर्न्दभमा विश्लेषण गर्नुपर्ने हुन्छ । तीनवटै तहमा लागू हुनेगरी प्रस्तुत गरिएका सर्न्दभहरू निम्नअनुरूपका छन्, (१) तार्किकता तथा नियमितता प्राप्त गर्ने क्षमता, (२) आँफैमा संगठित हुने तथा काम गर्ने क्षमता, (३) विकास नतिजा प्राप्त गर्ने क्षमता, (४) सहयोग सम्बन्ध स्थापित गर्ने क्षमता, र (५) अनुकूलन तथा नवीकरण गर्ने क्षमता (चित्र १मा हेर्नुहोस्) । मलेट लगायत अन्य (२०१४)मा प्रस्तुत गरिएका विश्लेषणको ढाँचाले विभिन्न औपचारिक र अनौपचारिक आयामहरूमा आधारित रहेर सामाजिक-राजनीतिक र ऐतिहासिक सन्दर्भको पनि विश्लेषण गर्नुपर्ने बताउँछ ।

**चित्र १: सेवाप्रवाहमा राज्यको क्षमताबारेको अनुसन्धानात्मक प्रश्न २ कालागि चित्रित विश्लेषणात्मक ढाँचा**




*स्रोतः मलेट लगायत अन्य (२०१४) बाट अनुकूलन गरिएको ।*

## २.२ अनुसन्धान पद्धति

सन् २०१२ मा इलाम, रोल्पा र वर्दिया जिल्लामा (नक्सा १मा हेर्नुहोस) एसएलआरसीको प्रथम चरणको लङ्गिच्युडनल सर्वेक्षण भएको थियो । सोही अध्ययनबाट प्राप्त नतिजाहरूको विश्लेषणलाई पनि यस अध्ययनमा प्रयोग गरिएको छ । उक्त अध्ययनबाट प्राप्त खानेपानी तथा सरसफाइ सेवा सम्बन्धी नतिजाहरूले यस क्वालिटेटिभ अध्ययनमा परिपूरकको काम गरेकाछन् । प्रमाणहरूलाई एकत्रित गर्नकालागि यस अध्ययनले राजनीतिक सीमाहरूलाई नभईकन खानेपानी तथा सरसफाइ सेवाका कार्यक्रमहरूलाई अध्ययनको इकाइकारूपमा लिएको छ । विद्यमान अवस्थाको जानकारी राख्ने तथा एलजिसिडिपीको सहायतापश्चात खानेपानी तथा सरसफाइका कार्यक्रमहरूमा व्यक्तिगत, सामुदायिक तथा संस्थागत

रूपमा के कस्ता क्षमताहरू निर्माण भए भन्ने सवालमा तथ्याङ्क तथा प्रमाणहरू प्राप्त गर्न सकिने भएकाले पनि कुनै निश्चित भूगोल भन्दापनि निश्चित कार्यक्रमहरूलाई यस अध्ययनकालागि छनौट गरिएको हो।

यस अध्ययनमा एलजिसिडिपीले सहयोग गरेका खानेपानी तथा सरसफाइ कार्यक्रमहरूको सेवा प्रवाहमा कस्तो प्रभाव रह्यो, क्षमता निर्माणमा कस्तो प्रभाव पर्‍यो भन्नेजस्ता सवालहरूको जवाफ प्रस्ट्याउने जमर्को गरिएको छ। अध्ययनका क्रममा विभिन्न स्थानीय सरकारका अधिकारीहरू, सेवाप्रदायक, सेवाग्राही तथा सेवावाट लाभ नलिएका स्थानीय नागरिकहरूसँग पनि छलफल गरिएको थियो, जसबाट प्राप्त सूचना तथा तथ्याङ्कलाई यस अध्ययनमा प्रयोग गरिएको छ। मुख्य सूचनादातासँगका अन्तर्वार्ता (केआईआई), गहन अन्तर्वार्ता (आईडीआई), समूह-केन्द्रित छलफल (एफजिडी) तथा सामान्य समूह-केन्द्रित छलफल (जिजिडी) जस्ता विधिहरू अपनाएर यो अध्ययन गरिएको हो।

सामान्य समूह-केन्द्रित छलफलहरू प्राकृतिक जमघटमा भएका छलफलहरू हुन्। यस्ता छलफलहरू अनौपचारिक तथा असंरचित किसिमका हुन्छन्, जस्तै चिया पसल, मन्दिर, पार्क र अन्य यस्तै सार्वजनिक ठाउँमा भएका प्राकृतिक जमघट र छलफलहरूलाई बुझ्न सकिन्छ। अध्ययन क्षेत्रमा पुगेपछि अध्ययनलाई अगाडि बढाउन यस्ता छलफलहरूले खानेपानी तथा सरसफाइका सेवाका बारेमा स्थानीय सन्दर्भ दिनुका साथै अध्ययनका प्रमुख मुद्दाहरूमा केन्द्रित हुन सघाउ पुर्‍याउने भएकाले यस किसिमका छलफलहरू गरिएको थियो। स्वाभाविकरूपमा हुने जमघट भएकै कारणले यस्ता छलफलका लागि धेरै स्रोत तथा समय जुटाइरहनु पर्दैन। यस्ता स्वभाविक जमघटहरूमा भेटिने मानिसहरू विविध सामाजिक, आर्थिक र राजनीतिक पृष्ठभूमिबाट आएका हुनाले उनीहरूसँगको छलफलले पनि अध्ययनमा महत्वपूर्ण अर्थ राख्दछ। चियापसलमा भेटिएका लगभग सबै ग्राहकहरू विभिन्न वर्ग तथा जातका पुरुषहरू थिए। हामीले चियापसलमा साँझ र विहानको समयमा विशेष अवलोकन पनि गरेका थियौं। घरायसी कामकाजमा व्यस्त हुनुपर्ने भएकाले विहान र साँझ महिलाहरू घरबाट निस्कन नपाउने तर पुरुषहरू त्यो समयमा पनि चियापसलमा बस्ने गरेको यथार्थ बुझ्नमा अध्ययनको यो विधि सफल रह्यो। अर्कोतिर, हामीले मन्दिरमा भेटेकामध्ये अधिकांश संख्यामा महिलाहरू थिए, सामाजिक अन्तर्क्रिया गर्न तथा घरबाहिरका कुरा सुन्न-बुझ्न धर्मले प्रदान गरेको एउटा मौका जस्तै देखिन्थ्यो त्यहाँको दृश्य र छलफल। सामान्य समूह-केन्द्रित छलफल अन्तर्गत प्रस्तुत अवलोकनहरूले यस अध्ययनको विश्लेषणमा पक्कैपनि महत्व राख्छन्।

छनौट गरिएका खानेपानी तथा सरसफाइका सेवाबारे यस अध्ययनकालागि महत्वपूर्ण पक्षहरू(जस्तै वित्तीय, प्राविधिक तथा प्रतिनिधित्व र सहभागिताका सवालहरू) बारे बुझ्नकालागि मुख्य सूचनादातासँगका अन्तर्वार्ता (केआई आई)हरू विशेष महत्वपूर्ण रहे। जिल्ला विकास समिति तथा नगरपालिका कार्यालयका पदाधिकारीहरू, खानेपानी व्यवस्थापन समितिका सदस्यहरू र सामाजिक कार्यकर्ताहरूसँग जम्माजम्मी १२ वटा 'मुख्य सूचनादातासँगका अन्तर्वार्ता' गरिएका थिए। एलजिसिडिपीको लगानी तथा सहयोगबारे उनीहरूको अवलोकन बुझ्न तथा एलजिसिडिपीले संस्थागत तथा सामुदायिक क्षमता अभिवृद्धि गर्नमा निभाएको भूमिका आदिका बारेमा उनीहरूको अवलोकन तथा बुझाइ बारेको छलफलले यस अध्ययनकालागि गतिला सूचना तथा प्रमाणहरू जुटाउन सहयोग पुर्‍याएका छन्। सम्बन्धित कार्यक्रमहरूमा एलजिसिडिपीको सहयोग के कति पर्याप्त रह्यो, उक्त सहयोग गुणस्तरीयता सुनिश्चित गर्नकालागि के कति सफल रह्यो र कार्यक्रमको संरचना कस्तो थियो भन्ने सवालमा प्रमाण जुटाउन मुख्य सूचनादातासँगका अन्तर्वार्ताहरू महत्वपूर्ण रहे। यी अन्तर्वार्ताले खानेपानी व्यवस्थापन समितिको गठन प्रक्रिया र समितिमा स्थानीयहरूको सहभागिताका बारेमा सूचना प्राप्त गर्न पनि सहयोग पुर्‍याए। अझ विशेषगरी, सहभागिताको सवालमा यी अन्तर्वार्ताहरू (समिति अन्तर्गत हुने बैठकमा सहभागीको भूमिका, वार्षिक साधरणसभा, भावी योजना वैठक, निर्णय प्रक्रिया, सार्वजनिक सुनुवाइ तथा सामाजिक आवाजको परीक्षण) आदि पक्षकाबारे सूचना प्राप्त गर्न धेरै नै सहयोगी देखिए। यसैगरी, उपभोक्ताहरूका चासोका विषयहरूलाई खानेपानी व्यवस्थापन समितिले कसरी सम्बोधन गर्छ, खानेपानी बाँडफाँड तथा वितरण

प्रक्रियाका प्रावधानहरू के के हुन् र अन्य सामुदायिक समुहहरू जस्तै आमा समूह, युवा समूह, बच्चाबच्चीका समूह, स्थानीय सहकारीहरू तथा विभिन्न उपभोक्ता समूहहरूसँग समितिले गर्ने अन्तर्क्रिया आदि बारेको जानकारी तथा सूचना पनि मुख्य सूचनादातासँगका अन्तर्वार्ताबाट नै प्राप्त भयो । सामुदायिक सहभागिताका प्रावधानहरूबारे बुझ्न, संचार तथा समन्वय, सूचनाप्रवाह र पारदर्शिताका बारेमा प्रमाणहरू जुटाउन पनि मुख्य सूचनादातासँगका अन्तर्वार्ता महत्वपूर्ण रहे । अन्त्यमा, अन्तर्वार्तामार्फत खानेपानी तथा सरसफाइका सेवाहरू उपभोग गर्दै आएका तर सेवा शुल्क नतिरेका उपभोक्ताहरूका सवालमा पनि सूचना प्राप्त भए र यस्तो अवस्थाले कसरी सेवाप्रवाहको व्यवस्थालाई असर गरेको हुन्छ भन्ने प्रमाणहरूपनि प्राप्त भए ।

अध्ययन गरिएका तीनवटै खानेपानी तथा सरसफाई कार्यक्रमबाट सेवा प्राप्त गरेका तथा सेवा प्राप्त नगरेका[१] स्थानीय घरधुरी, खानेपानी व्यवस्थापन समितिका अध्यक्ष तथा समितिका केही सदस्य गरी ३१ जनासँग गहन अन्तर्वार्ता गरिएको थियो । भालुवासे (माथिल्लो)खानेपानी कार्यक्रमबाट ११ जना, देवीथाने खानेपानी कार्यक्रमबाट ९ जना र भालुवासे (अठ्ठारबेसी) खानेपानी कार्यक्रमबाट ११ जनालाई गहन अन्तर्वार्ताकालागि छनौट गरिएको थियो । जसमध्ये १६ जना ब्राह्मण/क्षत्री, ७ जना दलित र ८ जना जनजाति मूलका सहभागीहरू थिए । गहन अन्तर्वार्तामा सहभागी कूल ३१ जना मध्येका १२ जना महिला थिए ।

सेवाग्राहीसँग लिइएका गहन अन्तर्वार्ताले खानेपानी व्यवस्थापन समितिको संरचना, समितिमा सहभागिता, भूमिका तथा क्रियाकलाप आदिका बारेमा उनीहरूको धारणा बुझ्न सजिलो भयो । के कस्ता क्षमता निर्माण भए, सवल पक्ष र दुर्वल पक्ष के के रहे, सेवाप्रवाहमा उनीहरूको प्रभाव कस्तो छ, खानेपानी व्यवस्थापन समिति तथा अन्य नियोगसँगका उनीहरूका अन्तर्क्रियाहरू कतिको नतिजामुखी रहे, आदि सवालहरूका जवाफ प्राप्त गर्न गहन अन्तर्वार्ताहरू महत्वपूर्ण रहे । सेवामा पहुँच प्राप्त गर्नका लागि रहेका विविध कठिनाइहरू, उपभोक्ता शुल्क तथा दर्ता शुल्कको बोझ, विविध सामाजिक चरित्रहरू आदिबारे उनीहरूको धारणा बुझ्न सेवावाट बञ्चित रहेकाहरूसँग गरिएका गहन अन्तर्वार्ताहरू महत्वपूर्ण रहे । क्षमता विकासबारे उनीहरुको धारण बुझ्न, उनीहरूका भूमिका तथा जिम्मेवारीहरू बुझ्न, समितिका मार्फत स्थानीय सरकारमा प्रभाव राख्न सक्ने उनीहरूको क्षमता, उनीहरूको आँफैमा संगठित हुने तथा काम गर्ने क्षमता र सेवा प्रदायकसँग रहेको उत्तरदायित्व तथा जवाफदेहिता माग्नसक्ने क्षमता आदिका बारेमा बुझ्न खानेपानी व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरूसँगका गहन अन्तर्वार्ताहरू महत्वपूर्ण रहे । यसैगरी, महिला–पुरुष, सेवाप्राप्त गरेका तथा सेवावाट बञ्चित रहेका आदि विविध पृष्ठभूमिका सहभागीहरूलाई समावेश गरेर प्रत्येक समूहमा ६ देखि ८ जना हुने गरी ३ वटा समूह–केन्द्रित छलफल (एफजिडी) हरू गरिएका थिए ।

यस अध्ययनमा उत्तरदाताहरूको गोपनीयतालाई ख्याल राख्दै काल्पनिक नाम (कोड) प्रस्तुत गरिएको छ । उनीहरूको सामाजिक चरित्र तथा सम्बन्धित खानेपानी कार्यक्रमसँगका सम्बन्धको सन्दर्भमा महत्वपूर्ण हुनेभएकाले उत्तरदाताहरूको लैङ्गिकता, जात/जातीयता भने उनीहरूको कोडसँगै जोडेर राखिएको छ । लैङ्गिकता निर्धारण गर्ने कोड अन्तर्गत महिलालाई 'एफ' र पुरुषलाई 'एम' भनिएको छ । जात/जातीयताको कोडमा क्षत्रीलाई 'सी', ब्राह्मणलाई 'वी', दलितलाई 'डी' र जनजातिलाई 'जे' राखिएको छ । यसैगरी, खानेपानी कार्यक्रमको कोड अन्तर्गत भालुवासे (अठ्ठारबेसी)लाई ' बिए', भालुवासे (माथिल्लो)लाई 'बियू' र देवीथाने खानेपानी कार्यक्रमलाई 'डी'ले संकेत गरिएको छ । यसप्रकार, ' उत्तरदाता १/एफ/सी/बिए', उत्तरदाता ७/एम/बी/बियू, उत्तरदाता ११/एफ/डी/बिएआदिलाई अध्ययनमा उत्तरदाताहरूको परिचयका रूपमा प्रस्तुत गरिएको छ । सम्बन्धित उत्तरदाताहरूले अनुमति दिएकाहुनाले केही प्रसङ्गहरूमा मुख्य सूचनादाताको वास्तविक नाम पनि उल्लेख गरिएको छ ।

[१] यो समूहका स्थानीयहरू सेवाप्रवाहको सूचीमा नाम भएपनि उनीहरूले सेवा प्राप्त गरेका छैनन् ।

### २.३ अध्ययनको रूपरेखा

यस अध्ययनलाई विभिन्न छ वटा खण्डमा प्रस्तुत गरिएको छ । प्रथम खण्डले एसएलआरसी अध्ययनका एजेन्डा अन्तर्गत रहेर अध्ययनको परिचय दिन्छ । दोस्रो खण्डमा विश्लेषणको ढाँचा, अनुसन्धान पद्धति र अध्ययनको रूपरेखा प्रस्तुत गरिएको छ । अध्ययनको तेस्रो खण्डमा पृष्ठभूमि तथा सन्दर्भ प्रस्तुत गरिएको छ । अध्ययन गरिएका तीनवटै खानेपानी कार्यक्रमहरूको संक्षिप्त अवलोकन तथा अध्ययन गरिएको क्षेत्रका विशिष्ठ विशेषताहरूलाई पनि तेस्रो खण्डमा नै प्रस्तुत गरिएको छ । नयाँ तथ्याङ्क तथा उपलब्ध सान्दर्भिक सामग्री एवं प्रसङ्ग सहित चौंथो खण्डमा अध्ययनका प्रमुख निष्कर्षहरू प्रस्तुत गरिएको छ । उपखण्ड ४.१ मा स्थानीय सरकारको खानेपानी सेवाप्रवाहको क्षमता सवलीकरण गर्नमा एलजिसिडिपिको सहायताको प्रभावकारिता बारे प्रस्तुत गरिएको छ । यसैगरी स्थानीय शासन प्रक्रिया तथा राज्य-समाज सम्बन्धमा सामुदायिक सहभागिताको सवालमा एलजिसिडिपीको सहायताले पारेको प्रभावलाई उपखण्ड ४.२ मा प्रस्तुत गरिएको छ । एलजिसिडिपी बारेका विद्यमान तथ्याङ्कहरूसँगको सान्दर्भिकता तथा एसएलआरसी अनुसन्धानमा पत्ता लगाइएको वषय तथा समीक्षासँग जोडेर यस अध्ययनबाट प्राप्त नतिजाको विवेचनालाई खण्ड पाँचमा प्रस्तुत गरिएको छ । यसैगरी, अध्ययनको निष्कर्षलाई छैटौं खण्डमा प्रस्तुत गरिएको छ ।

## ३ पृष्ठभूमि तथा सन्दर्भ

### ३.१ एलजिसिडिपीको परिचय तथा भालुबासे (माथिल्लो), देवीथाने र भालुबासे (अट्ठारबेसी ) खानेपानी कार्यक्रमको अध्ययन सर्न्दभ

गरिबी न्यूनीकरण, समुदायले नेतृत्व गरेको विकास, कुशल स्थानीय सेवाप्रवाहआदि कुरालाई सुनिश्चित गर्ने नीति अनुसार नै नेपाल सरकारले स्थानीयस्तरमा सेवाप्रवाह, प्रशासन र प्रणालीमा 'आमूल परिवर्तन' (एलजिसिडिपी, २००८ः ०७०) गर्ने प्रयास गरिरहेको छ । यही सन्दर्भमा हेर्दापनि स्थानीय शासन विकासको व्यवस्थापनसँग सम्बन्धित छ जसमा स्थानीयहरू सहभागी भएको हुनुर्पछ र विकास प्रक्रियाको नेतृत्व पनि उनीहरूले नै गरेको हुनुर्पछ । समुदायले नेतृत्व गरेको सहभागितामूलक तथा समावेशी विकासले नै स्थानीयहरूलाई 'आफ्नो चासो र आवश्यकता व्यक्त गर्न, मतभेदहरूको मध्यस्थता गर्न र स्थानीय स्तरमा आफ्नो अधिकार प्राप्त गर्न तथा दायित्व पूरागर्न' (स्थानीय विकास मन्त्रालय, २०१२) सक्षम बनाउँछ । एलजिसिडिपी (२०१०)का अनुसार, नेपालको सन्दर्भमा यो त्यति सहज देखिँदैन, जहाँ 'स्थानीय शासनपक्रियाबारे बुझ्नै मान्छेहरूलाई गाह्रो छ' ।

नेपालमा एलजिसिडिपी कार्यक्रमको परिकल्पना सन् २००८ मा भएको हो । यो कार्यक्रममा नेपाल सरकारसँग विभिन्न विकास साझेदार नियोगहरू[२]को आर्थिक, प्राविधिक र नीतिगत सहकार्य रहेको छ । केन्द्रीय सरकारकामार्फत स्थानीय शासन र समुदायले नेतृत्व गर्ने विकास प्रक्रियामा सहायता गर्न यो कार्यक्रम ल्याइएको हो । विशेषतः यो कार्यक्रमले स्थानीय स्तरमा प्रवाह गरिने सार्वजनिक सेवा तथा सुविधाहरू अझबढी जवाफदेही, सहभागितामूलक र समावेशी बनाउने लक्ष्य राखेको छ । स्थानीय विकास मन्त्रालय[३], समान पंक्तिका अन्य मन्त्रालय, स्थानीय सरकारका निकायहरू (जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिका)मा यस कार्यक्रमले प्राविधिक सहयोग गरेको छ । एलजिसिडिपीका प्रथम चरणका कार्यक्रमहरूले 'मजबुत संस्थागत आधार', र *'सामाजिक परिचालन तथा क्षमता विकासका गतिविधि[४]'* मार्फत 'क्षमता निर्माण' गर्न सफल रहेको सम्बन्धित मन्त्रालयबाट मूल्याङ्कन भएको थियो । साथै

[२] एलजिसिडिपीका प्रमुख दाताहरू अर्न्तगत एसियाली विकास बैंक, डेनिस अन्तर्राष्ट्रिय विकास नियोग, क्यानाडा अन्तर्राष्ट्रिय विकास नियोग, अन्तर्राष्ट्रिय विकासकालागि बेलायत विभाग, नर्वे सरकार, विकास र सहयोगको लागि स्विस नियोग, अन्तर्राष्ट्रिय सहयोगको लागि जर्मन नियोग, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग, विश्व बैंक र संयुक्त राष्ट्रका विभिन्न नियोगहरू पर्दछन् (एलजिसिडिपी, २०१०) ।

[३] एलजिसिडिपी कार्यान्वयन गर्ने मन्त्रालय ।

[४] एलजिसिडिपीका प्रयास र प्राप्त नतिजाबारेको छलफल, थप अध्ययनका लागिःhttp://lgcdp.gov.np/phase2/?q=node/285.

उक्त मूल्याङ्कन अनुसार, एलजिसिडिपीको प्राविधिक सहयोगमा सुधार भएको, वित्तीय अनुगमन बलियो बनाउन सहयोग पुगेको, राजस्व संकलनको व्यवस्थापनमा सहयोग पुगेको, विकासमा सार्वजनिक–निजी साझेदारीको वातावरण निर्माणमा सहयोग पुगेको, न्यूनतम शर्त लागूगर्नमा प्रोत्साहन मिलेको र विकास परियोजनाहरूमा स्थानीय मानिसहरूको स्वामित्व स्थापनामा सहयोग पुगेको देखिन्छ। स्थानीयस्तरका विकास तथा आधारभूत सेवाप्रवाह र सो प्रक्रियामा स्थानीय सरकार र सेवाप्रदायकसँग[५] समुदायको सक्रिय सहभागिताकालागि एलजिसिडिपीले स्थानीय सरकारका निकायहरूलाई विकास सहयोग गर्दैआएको छ।

यो अध्ययन इलाम नगरपालिकामा एलजीसीडीपीले विद्यमान खानेपानी सेवालाई सुधार गर्न गरेको सहायतामा आधारित रहेको छ। छनौट गरिएका तिनवटा खानेपानी कार्यक्रममा एलजीसीडीपीको सहयोगलाई सेवाको आपूर्ति क्षमता बढाउन तुलनात्मकरुपमा ठुला रिर्जभएर निर्माण गर्न, पाइपलाइन मर्मत गर्न तथा पाइपलाइन बदल्नमा खर्च गरिएको थियो। अध्ययन गरिएका तिनवटै खानेपानी आयोजनाहरुको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ।

एलजीसीडीपीको सहायता विकासमा सक्रिय सामुदायिक सहभागितालाई बढावा दिन तथा क्षमता निर्माणमा पनि केन्द्रित थियो, यसले के–कस्तो प्रभाव पार्यो त्यस विषयमा अनुसन्धानहरु विरलै प्राप्त छन्। 'निर्णय गर्न, योजना बनाउन र त्यसलाई प्रयोग गर्नमा अन्तरक्रियात्मक सहभागिताले समुदायलाई शसक्त बनाउन प्रेरित गर्दछ'(राउतानेन लगायत अन्य, २०१४)। यद्यपी, प्रभावकारी सेवाप्रवाहकालागि विकास प्रक्रियामा स्थानीयहरुको सहभागिता सुनिश्चित गर्न तथा प्रक्रियामा उनीहरुले आफ्नो धारणा राख्न सवल बनाउने सन्दर्भमा एलजीसीडीपीले स्थानीय सरकारको क्षमता निर्माण गर्ने उद्देश्य प्राप्त गरे/नगरेकोबारे गहन अध्ययन गर्न बाँकी नै छ। त्यसैले पनि स्थानीय स्तरमा एलजीसीडीपीले स्थानीय शासन प्रक्रिया तथा राज्य–समाज सम्वन्ध मजवुत पार्न खेलेको भूमिकाबारे तथ्य पत्ता लगाउन महत्वपूर्ण छ।

एनसीसीआरले सन २०१२ मा इलाम, रोल्पा र वर्दियामा गरेको एसएलआरसी लङ्गिच्यड्नल सर्वेक्षणको पहिलो चरणको अध्ययनले पनि सार्वजनिक सेवाहरु तथा जिविकोपार्जनका सेवाहरुको प्रभावकारिता तथा सेवामा पहुँचको सवालमा सान्दर्भिक जानकारीहरु प्रस्तुत गरेको छ। उक्त अध्ययनले 'स्थानीय सरकारप्रति आममानिसहरुको अवधारणा' (उप्रेती लगायत अन्य, २०१४) का बारेमा पनि तथ्याङ्क प्रस्तुत गरेको छ।

खानेपानी सेवाप्रवाहको सन्दर्भमा इलाम नगरपालिकाको विगत राम्रो थिएन। असुरक्षीत र अपर्याप्त खानेपानी तथा सरसफाई सेवाका कारण स्वास्थ्य, सम्पन्नता, सुरक्षा र वातावरणको सवालमा पनि नकारात्मक परिणामहरु देखिएका थिए। विगतमा यहि अवस्थाका कारण पखला र हैजाको संक्रमण पनि फैलिएको थियो। तर हालका अवस्थामा, एलजीसीडीपीको आर्थिक–प्राविधिक सहयोगसँगै इलाम नगरपालिका कार्यालयले आफ्नो स्वामित्वमा नगरपालिका क्षेत्रमा विभिन्न दशवटा[६] खानेपानी कार्यक्रमहरु संचालन गरेको छ र सेवावापतको शुल्क अशुली पनि गर्दैआएको छ। उपभोक्ताहरुले १०,००० लिटर खानेपानी वापत ५० रुपैया शुल्क तिर्छन, सोभन्दा बढी पानी संकलनगर्नेले प्रत्येक थप हजार लिटरमा २० रुपैया तिर्नुपर्ने प्रावधान रहेको छ। अध्ययन गरिएका तिनवटै खानेपानी कार्यक्रम सहित बाँकी अन्य ७ वटा खानेपानी कार्यक्रमको हकमा 'खानेपानी व्यवस्थापन समिति' गठन गरिएको छ। यद्यपी, नगरपालिकाले समितिलाई स्वतन्त्र तथा स्वायत्त निकाय बन्नकालागि दर्ता हुने प्रक्रियामा अवरोध सिर्जना गरेको समितिका सदस्यहरुको गुनासो छ।

---

५ प्राविधिक सहायता, नीति निर्माणमा सहायता, निर्देशिका निर्माणमा सहायता, प्रमुख सरोकारवालाहरूको अभिमुखीकरण, क्षमता निर्माण, लिङ्ग तथा सामाजिक समावेशीकरणलाई मूलधारमा ल्याउन सहायता, स्थानीय प्रशासनमा बालक र युवाहरूको समावेशीकरण, स्थानीय विकासलाई तलबाट माथि (बटम–अप) हुने गरी योजना प्रणालीलाई मजवुत बनाउन सहायता, सामुदायिक सशक्तीकरण र स्थानीय प्रशासनका प्रक्रियाहरूमा सहायता, अनुगमन/मूल्याङ्कनमा सहायता, वकालत र संचार प्रशिक्षण आदि एलजिसिडिपीका प्रमुख उद्देश्यहरू हुन्।

६ भालुबासे (माथिल्लो) खानेपानी कार्यक्रम, सिंहवाहिनी खानेपानी कार्यक्रम, सिस्ने खानेपानी कार्यक्रम, पन्चेधारा खानेपानी कार्यक्रम, देवीथाने खानेपानी कार्यक्रम, जोरधारा खानेपानी कार्यक्रम, ऐटनधारा खानेपानी कार्यक्रम, भुवनसिङ्ग खानेपानी कार्यक्रम, भालुबासे (अठ्ठारबेसी) खानेपानी कार्यक्रम र खर्कमुहान खानेपानी कार्यक्रम।

**बक्स १ः भालुबासे (माथिल्लो) खानेपानी कार्यक्रम**

भालुबासे (माथिल्लो) खानेपानी कार्यक्रमले ६२ घरधुरीलाई समेटेको छ । नगरपालिकाको कार्यालयबाट प्रथम चरणको एलजिसिडिपी कार्यक्रम अन्तर्गत सन् २००९ मा यस खानेपानी कार्यक्रमलाई ९२ हजार रुपैया वितरण भएको थियो । वडा नम्बर ५ को गोलाखर्क क्षेत्रमा सेवा वितरण गरिएको यस खानेपानी कार्यक्रमको मुहान नगरपालिकाकै वडा नम्बर ३ मा रहेको छ ।

स्थानीयहरूले जनाएअनुसार यो खानेपानी कार्यक्रम लागू हुनुपूर्व उनीहरूले पानी खेप्न कै लागि औसतमा आधा घण्टाको यात्रा गर्नुपर्थ्यो, जसका कारण विभिन्न सामाजिक प्रभावहरू पनि देखिएका थिए । टाढाबाट पानी खेप्नु पर्ने यही अवस्थाका कारण विगतमा अन्यत्रका अभिभावकहरूले 'गोलाखर्कका केटाहरूलाई छोरी बिहे गरेर दिनु हुँदैन' भन्ने गर्दथे । उनीहरूको भनाइले 'खानेपानी खेप्ने जिम्मा महिलाको काम हो' भन्ने मान्यता राख्दछ । यही मान्यता तथा अन्य विभिन्न सामाजिक प्रभावहरूको विश्लेषण हामी पछिल्ला खण्डमा पनि गर्नेछौं ।

सन्१९९१ मा यहाँका स्थानीयहरूले सिंहवाहिनी खानेपानी कार्यक्रमसँग समन्वय गरी सानो पाइपलाइन मार्फत आफ्नो टोलसम्म एउटा सार्वजनिक धारो ल्याएका थिए । उक्त सार्वजनिक धारोमा लामो लाइनमा बसेर पानी संकलन गर्नुपर्ने अवस्था थियो, त्यहीसिलसिलामा कहिलेकाँहीं उपभोक्ताहरूको विवाद पनि हुनेगर्थ्यो । सन् १९९३ मा जापान सरकारले यहाँको खानेपानी व्यवस्थापनमा लगानी गरेको थियो, जसले गर्दा सेवा प्रवाहमा केही सुधार पनि देखिएको थियो । तर जव दिनप्रतिदिन जनसंख्या बढ्दै गयो खानेपानी अभावको अवस्था प्रस्ट देखिन थाल्यो । सोही खानेपानी आयोजना व्यवस्थापन गर्ने शर्तमा नगरपालिकाको कार्यालयले सहजताकालागि पाइप तथा मिटर वितरण गर्‍यो र सेवावापतको शुल्क असुली पनि गर्नथाल्यो । सन् २००८ मा 'खानेपानी श्रोत संरक्षण तथा सुधारिएको सेवाप्रवाह' शीर्षकमा नगरपालिकाले एलजिसिडिपी अन्तर्गत यस कार्यक्रमलाई बजेट विनियोजन गर्‍यो र कार्यक्रम सम्पन्न गर्‍यो ।

**बक्स २ः देवीथाने खानेपानी कार्यक्रम**

देवीथाने खानेपानी कार्यक्रमले ५४ घरधुरीलाई समेटेको छ । प्रथम चरणको एलजिसिडिपी सहायता कार्यक्रम अन्तर्गत सन् २००९मा नगरपालिकाको कार्यालयबाट यस खानेपानी कार्यक्रमलाई ८४ हजार रुपैया वितरण भएको थियो । नगरपालिकाकै वडा नम्बर ३ मा रहेको मुहानबाट पानी लगेर वडा नम्बर ४ (नक्सा २मा हेर्नुहोस) खानेपानी सेवा वितरण गरिएको छ ।

एलजिसिडिपीको सहायता प्राप्त हुनु अगाडि यो क्षेत्रमा एउटा सार्वजनिक धारो मात्र थियो । उक्त सार्वजनिक धारोमा जो पहिलो पालोमा हुन्थ्यो उसले पहिला पानी संकलन गर्न पाउँथ्यो । यसले खानेपानीको असमान वितरणमा टेवा दिएको हुन्थ्यो । कहिलेकाँहीं उपभोक्ताहरूबीच द्वन्द्व पनि हुने गर्दथ्यो । उक्त सार्वजनिक धारोबाट दिनमा जम्मा ५/६ घरधुरीले खानेपानी संकलन गर्नसक्थे । यहाँका बाँकी घरधुरीले खानेपानी संकलनकालागि वैकल्पिक स्रोतका रूपमा एक घण्टाको यात्रा गर्नुपर्ने जोरधारा खानेपानी कार्यक्रममा निर्भर हुनुपर्दथ्यो । यसैगरी नुहाउन तथा लुगा धुनकालागि डेढ घण्टाको यात्रा गरेर माइखोला नदीमा पुग्नुपर्दथ्यो । विशेषगरी महिला तथा केटाकेटीहरूले बढी पानी खेप्नुपर्ने परिस्थिति थियो ।

एलजिसिडिपीको सहायतापश्चात देवीथाने खानेपानी कार्यक्रमबाट यस क्षेत्रका लगभग सबै घरधुरीको कि त घरपरिसरसम्म, नभए टोलसम्म भएपनि धारा पुगेको छ, जसलेगर्दा खानेपानी सेवाको पहुँचको सवालमा विगतमा देखिएको जस्तो द्वन्द्व तथा विवादको अवस्थाको अन्त्य भएको छ । हालको अवस्थामा यो खानेपानी कार्यक्रम पूर्णतया सन्तोषजनक नभएपनि विगतको तुलनामा अवस्था स्पष्टरूपमा सुध्रिएको देखिन्छ । नगरपालिकाका मुख्य बजारका वासिन्दाले घरायसी फोहोर त्यहाँको अव्यवस्थित नालीमा फाल्ने गरेका र नालीबाट फोहोर चुहावट भई खानेपानीको स्रोतसम्म पुगेको गुनासो छ स्थानीयहरूको । बर्षादको समयमा यो समस्या झन विकराल हुनेगरेको छ ।

शुरुमा यो खानेपानी कार्यक्रमको योजना बनाउँदा ३२ एमएमको पाइपबाट पानी प्रसार गर्ने भनिएकोमा पछि सन् २००९मा २० एमएमको पाइपलाइन ओछ्याइएको थियो । कम क्षमताको पाइपलाइन राख्दा माग अनुसारको आपूर्ति नहुने कुरालाई लिएर स्थानीयहरूले उतिबेलैपनि प्रश्न उठाएका थिए । मुख्य पाइपलाइन ४० एमएमको रहेपनि यसलाई विभिन्न ठाउँमा ३० एमएमको पाइप जोडेर मर्मत गरिएको हुनाले पाइपलाइनको पानी प्रसार गर्ने क्षमतामा गिरावट भएको छ ।

**बक्स ३: भालुबासे (अट्ठारबेसी) खानेपानी कार्यक्रम**

भालुबासे (अट्ठारबेसी) खानेपानी कार्यक्रमले करिब १०० घरधुरीलाई समेटेको छ, जसमध्येका ६२ मा मिटर जडान गरिएको छ र बाँकी ३८ घरधुरीले आंशिकरूपमा सेवाप्राप्त गर्दै आएकाछन् । कहीँकहीँ त मिटर जोडिएको एउटै धाराबाट ५ वटासम्म घरधुरीले खानेपानी संकलन गर्दै आएका छन् । सन् २००९मा नगरपालिका कार्यालयले एलजिसिडिपी बजेट अर्न्तगत यस कार्यक्रमलाई ९२ हजार रुपैया विनियोजन गरेको थियो र त्यो रकमलाई यसै खानेपानी कार्यक्रममा लगानी गरिएको थियो ।

वडा नम्बर ५ मा सेवा विस्तार गरिएको यो खानेपानी कार्यक्रमको मुहान वडा नम्बर ३ मा रहेको छ । पहिले यो क्षेत्रमा नगरपालिका कार्यालयले सिंहवाहिनीबाट पानी आपूर्ति गरेर सेवा प्रदान गरेको थियो । त्योबेला घरधुरीले एकमहिनाको खानेपानी सेवा वापत संचालकलाई मासिक १० रुपैयाँ भुक्तानी गर्नुपर्दथ्यो । पछि भालुबासे (अट्ठारबेसी) खानेपानी कार्यक्रमको स्थापना भएपछि सिंहवाहिनीवाट आएको कार्यक्रमलाई वडा नम्बर ४ मा स्थानान्तरण गरिएको थियो । विहान ५ बजेदेखि ८ बजेसम्म खानेपानी वितरण गर्ने भालुबासे (अट्ठारबेसी ) खानेपानी कार्यक्रमबाट ती घरधुरीले प्रतिदिन औसतमा ३०० लिटरसम्म पानी संकलन गर्दै आएका छन् ।

वडानम्बर ५ मा निर्माणाधिन विमानस्थलका कारण यो क्षेत्रमा बसाँइसरी आउने क्रम बढ्दै गएको छ । बढ्दो जनसंख्याका कारण खानेपानीको माग बढ्दै गएको छ, जुन हालको एउटा चुनौतीका रूपमा देखिएको छ । यही चुनौतीलाई मध्यनजर गर्दै यहाँका स्थानीयहरूले विद्यमान खानेपानी कार्यक्रमलाई सघाउ पुग्ने गरी अरू वैकल्पिक स्रोतहरूको खोजी गरिरहेकाछन् । उत्तरदाता १/एफ/सी/बिएले बताएअनुसार, यहाँका स्थानीयहरूले भञ्याङ्गबाट करिब ३ किमी टाढा रहेको शान्तिडाँडा गाविसस्थित घट्टेखोलाबाट खानेपानी ल्याउने सम्भावनाबारे प्रारम्भिक अध्ययन तथा छलफल गर्दैछन् । यो स्रोत निजी जग्गामा अवस्थित रहेकाले उनीहरूले जग्गाधनीसँग पनि छलफल गर्दैआएकाछन् । मुख्य सूचनादाता किशोर कार्कीका अनुसार, जग्गाधनीले पनि सहयोग गर्ने जनाएकाछन् । हालसम्म कुनैपनि सरकारी तथा गैरसरकारी संस्थासँग यसबारे छलफल नगरिएको भएतापनि छिट्टै नै समिति गठन गरेर राज्यका निकाय तथा अन्य सामाजिक संस्थाहरूसँग सहयोग खोज्दै छलफल गर्ने तयारी रहेको कार्कीको भनाइ छ ।

भालुबासे (अट्ठारबेसी) खानेपानी कार्यक्रममा मुख्य ट्याङ्कीको क्षमता ६५ हजार लिटर रहेको छ । यस खानेपानी कार्यक्रमको मुख्य पाइपलाइन ४० एमएमको रहेको छ, तर मागबमोजिमको पानी आपूर्ति गर्न यो पाइपलाइन सानो भएको स्थानीय मानिसको गुनासो छ । मुहानमा ६५ एमएम क्षमताको पाइपलाई पुग्ने पानी भएपनि उपलब्ध स्रोतको पूर्ण प्रयोग भएकोछैन । विछ्याइएको ४० एमएमको पाइप पनि पुरानो तथा कमजोर भएकाले क्षमताको आधा पनि आपूर्ति गर्नसकेको छैन । विगतमा यो पाइपलाइन वडा नम्बर ३ र ४ मा विछ्याइएको थियो । जमिनमाथि नै भएकाले यो पाइपलाइनमा प्रशस्तै खिया लागेको छ भने कैयन ठाउँबाट पानी चुहावट भैरहेको देखिन्छ । मुहानमा पानी सफाभएपनि पाइपलाइन जीर्ण भएकाले विभिन्न स्थानबाट फोहोरपानी पनि पाइपभित्र पस्छ । पानी छानेर तथा उमालेर मात्र पिउन योग्य छ ।

यहाँको खानेपानी व्यवस्थापन समिति गठन भएको धेरै समय भएको छैन । समितिमा आठजना पुरुष र तीन जना महिला रहेकाछन् । नगरपालिका कार्यालयले एकजना संचालकको व्यवस्था गरेको छ । संचालकले नै खानेपानी खोल्ने, बन्द गर्ने र सामान्य मर्मतको काम गर्दै आएकाछन् । यदि थप मर्मत आवश्यक देखिएमा समुदायका मानिसहरूले नै श्रमदान गर्दै आएकाछन् ।


## ३.२ अध्ययन गरिएको भूगोल

पूर्वाञ्चल विकास क्षेत्र, मेची अञ्चल, इलाम जिल्लामा अवस्थित रहेको इलाम नगरपालिकामा ९ वटा वडाहरू छन् । इलाम नगरपालिका कार्यालय (२०१४)का अनुसार नगरपालिकाले २७ वर्ग किलोमिटर भूगोल ओगटेको छ, जसमध्ये ३.१४ वर्ग किलोमिटर 'शहरी' भू–भाग रहेको छ । नगरपालिकाको पूर्वी सीमामा माइखोला, पश्चिममा पूवाखोला, उत्तरमा सार्की तथा उजेलीखोला र दक्षिणमा पूवामाई खोला रहेकाछन् ।

इलाम नगरपालिका चिया, अदुवा, अलैंची र अम्रिसोका मुख्य बजारकारूपमा प्रख्यात छ । छिमेकी जिल्लाहरू पाँचथर, तेह्रथुम र ताप्लेजुङ्ग सहित तराईका विभिन्न जिल्लाहरूमा यहाँका उत्पादनहरूको राम्रो बजार छ ।

इलाम नगरपालिका कार्यालय (२०१४)का अनुसार सन् २००१ मा १६ हजार २ सय ४६ रहेको यहाँको जनसंख्या सन् २०११ मा आइपुग्दा ३० हजार पुगेको छ। पछिल्लो आँकडाअनुसार कूल जनसंख्या मध्ये १८ हजार ३ सय ८५ जना पुरुषहरू रहेका छन् भने १७ हजार ६ सय १५ जना महिला रहेकाछन्। नगरपालिकाको कूल जनसंख्यामा भएको वृद्धिले खानेपानी अभावको समस्या तीव्र हुँदैगएको छ। बढ्दै गरेको यहाँको जनसंख्यालाई आवश्यक खानेपानी तथा सरसफाइको सेवा प्रदान गर्ने कुरा एउटा चुनौतीका रूपमा देखिएको छ। बढ्दो सडक विस्तार तथा अन्य आधुनिक संरचनाहरूको निर्माणले प्रकृति तथा वातावरणमा नै प्रतिकूल प्रभाव पारेकाले खानेपानीका परम्परागत स्रोतहरू जस्तै मूल/कुवा आदि कहीं सुकिसकेका छन् त कहीं सुक्ने क्रममा छन्।

**चित्र २: इलाम नगरपालिकामा वडाअनुसार घरधुरी संख्या**




*स्रोतः नगरपालिका कार्यालयको तथ्याङ्क र अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्क*

इलाम नगरपालिका कार्यालयले नगरपालिकामा २ हजार ३ सय ५२ धाराहरू सञ्चालनमा ल्याएको छ (इलाम नगरपालिका कार्यालय, २०१४)। निजी धाराहरूको संख्या २ हजार ३ सय २० रहेको छ भने १३ वटा सार्वजनिक धाराहरू, ७ वटा सामुदायिक धारा र अन्य किसिमका १२ वटा धाराहरू सञ्चालनमा रहेकाछन्। नगरपालिका कार्यालयले निजी धाराहरूबाट मासिक सेवा शुल्क असुली गर्दै आएको छ भने बाँकी अन्य धाराहरू सार्वजनिक सेवाका रूपमा निशुल्क उपलब्ध छन्।

इलाम नगरपालिकामा ३ हजार ६ सय ८७ घरधुरीहरू रहेकाछन् (वडाअनुसार घरधुरी संख्याको वितरण चित्र २मा प्रस्तुत गरिएको छ)। इलाम नगरपालिका कार्यालय (२०१४)का अनुसार, नगरपालिका क्षेत्रमा खानेपानीको हालको माग प्रतिदिन ९ लाख ३७ हजार लिटर रहेको छ, जसमध्ये ८ लाख ६२ हजार ५ सय लिटर खानेपानी वितरण हुँदैआएको छ। यो आँकडाले देखाएअनुसार करिब ९० प्रतिशत खानेपानीको माग पूराभएको देखाउँछ। नगरपालिका क्षेत्रको भूगोल समथल नभएकाले अग्लो क्षेत्रका बासिन्दाहरूको हकमा खानेपानी आपूर्ति अनियमित किसिमको छ, त्यसैले उनीहरू सेवाप्रति सन्तुष्ट छैनन्। यसैगरी औसत उचाईका घरधुरीहरूले पनि पिउनकालागि तथा सरसफाइका लागि पर्याप्त पानी संकलन गर्न सकेका छैनन्। पानीका वैकल्पिक स्रोतहरूको कमीका कारण पनि यहाँका अधिकाँश घरधुरीले बाथरुम, भान्सा, बगैंचा लगायत करेसाबारीका लागिपनि पानीको अत्यन्तै मितव्ययी प्रयोग गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा अधिकांश घरधुरीले सरसफाइका लागि आवश्यक पानीको मात्रामा कटौती गर्नुपरेको देखिन्छ।

पछिल्ला वर्षहरूमा इलाम नगरपालिका कार्यलयले इलाम नगरपालिकालाई 'स्वच्छ हराभरा' शहर बनाउन गरेको घोषणालाई विभिन्न सार्वजनिक/सामाजिक अभियानहरूको समर्थन र सहयोग मिलेको छ। फलस्वरूप, नगरपालिका क्षेत्रलाई खुला दिसामुक्त क्षेत्र घोषणा गरिएको छ, जसले केही हदसम्म खानेपानीमा हुने मानव-सिर्जित फोहरको मात्रामा कमी देखिएको छ। इलाम नगरपालिकामा २.३ किलोमिटर लामो ढल प्रणाली रहेको छ (इलाम नगरपालिका कार्यालय, २०१४)। सडक छेउमै रहेको यो ढल प्रणाली खोल्सोको रूपमा रहेको एक प्राकृतिक निकासमा गएर मिसिन्छ।

लामो समयदेखि स्थानीय निकायको निर्वाचन नभएकाले सेवा प्रवाह, संरचनागत विकास तथा अन्य यस्तै सवालहरूमा सहजताको कमी देखिएको छ। स्थानीय निकायको निर्वाचनबाट निर्वाचित पदाधिकारीको अभावलाई सामान्यीकरण गर्न स्थानीय विकास मन्त्रालयले स्थानीय विकास अधिकारी, नगरपालिकाका कार्यकारी अधिकृत र गाविसको हकमा गाविस सचिवलाई निर्वाचित पदाधिकारीको भूमिका निर्वाह गर्ने जिम्मेवारी प्रदान गरेको छ। स्थानीय स्तरमा हुने कुनै विकासका गतिविधि तथा योजनाहरूलाई स्थानीयस्तरमा दलका पूर्व पदाधिकारी, विभिन्न सामाजीक चरित्रका मानिस आदिसँगको छलफलबाट अगाडि बढाउन सरकारले आफ्ना स्थानीय निकायका अधिकारीहरूलाई नीतिगतरूपमै सुझाएको छ। विगतको तुलनामा नेपाल सरकारले पछिल्लो दशक यता स्थानीय विकासको सवालमा केही बढी विकेन्द्रीकृत अवधारणा तय गर्दै आएको छ र स्थानीय निकाय तथा संस्थाहरूलाई पनि धेरै अधिकार तथा स्वयात्तता प्रदान गर्दै आएको छ। यसै सन्दर्भमा देशका विभिन्न भागमा अधिकार सम्पन्न वन उपभोक्ता समिति, आमा समूह, सिँचाइ उपभोक्ता समूह, खानेपानी व्यवस्थापन समिति र खानेपानी उपभोक्ता समिति गठन भइरहेका पनि छन्।

## ४ अध्ययनका नतिजाहरू

### ४.१ स्थानीय सरकारको खानेपानी सेवाप्रवाह गर्ने क्षमता बलियो बनाउनमा एलजिसिडिपीको भूमिका

इलाम नगरपालिकामा हामीले अध्ययन गरेका खानेपानी कार्यक्रमहरू पूर्णरूपमा एलजिसिडिपीको लगानीमा सम्पन्न भएका होइनन्। यसर्थ एलजिसिडिपीको प्रभावकारिताबारे अध्ययन गर्न पक्कैपनि केही जटिलता छ। यस क्षेत्रमा एलजिसिडिपीले पुराना र कम क्षमताका कार्यक्रमहरूलाई नयाँ र बढी क्षमताका बनाउने, मुहान संरक्षण गर्ने आदि काममा आर्थिक-प्राविधिक सहयोग गरेको हो। सुधार भएका पक्षहरूमा एलजिसिडिपी मात्र नभएर अन्य धेरै प्रकारका कारणहरू हुनसक्छन्। यद्यपि, यो अध्ययन एलजिसिडिपीको सहायता र प्राप्त नतिजाहरूमा नै बढी केन्द्रित रहेको छ।

#### ४.१.१ प्रभावकारी सेवाप्रवाहमा एलजिसिडिपी को प्रभाव

अध्ययन गरिएका तीनवटै खानेपानी कार्यक्रमलाई एलजिसिडिपीको सहायता प्राप्त हुनु र तिनको क्षमता तथा गुणस्तरीयतामा सुधार गरिनु पूर्व इलाम नगरपालिकाका वडा नम्बर ४ र ५का बासीन्दाहरुले अधिकाँस समय पानीका वैकल्पिक स्रोतहरू जस्तै मूल, खोला, खोल्सा, नदी आदिबाट खानेपानी खेप्नु पर्दथ्यो। पछिल्लो समयमा यी वैकल्पिक स्रोतहरू कतिपय सुकिसके त कतिपयमा उपलब्ध पानीको मात्रामा धेरै गिरावट आएको छ। भालुबासे (अट्ठारबेसी) खानेपानी कार्यक्रमबाट सेवा लिइरहेका एकजना मुख्य सूचनादाता किशोर कार्कीका अनुसार, पहिले यस क्षेत्रका मानिसहरू सामूहिकरूपमा खानेपानीको समस्यासँग जुध्न, मुहान संरक्षण गर्न र प्रभावकारी व्यवस्थापन गर्न सकिरहेका थिएनन्। तर, मुहान संरक्षण, रिजर्भायर निर्माण आदिकालागि एलजिसिडिपीबाट सहायता प्राप्त भएपश्चात यहाँका बासिन्दाले तुलनात्मकरूपमा खानेपानी सेवाप्रवाहको अवस्थामा सुधार भएको महसुस गरेकाछन्। खानेपानीको प्रशोधन नभएको, निश्चित मात्रामा खानेपानी आपूर्ति भएको तथा आपूर्ति व्यवस्थामा नियमितता नभएको भएतापनि पहिलेको तुलनामा अहिले खानेपानी केही बढी सुरक्षित देखिएको छ।साथै पहुँच तथा आपूर्ति व्यवस्थापनका सवालमा पनि पहिलेको तुलनामा केही बढी सहजता देखिएको छ।

खानेपानी सेवा प्रवाहमा केही उल्लेखनीय सुधारहरू भएका भएतापनि आफूले प्राप्त गर्दैआएको खानेपानीको मात्रा तथा गुणस्तरीयताको सवालमा अधिकांश स्थानीयहरूको गुनासा कायमै छन् । मुहान संरक्षण गर्न, मुख्य पाइपलाइनको क्षमता बढाउन तथा रिजर्भायरको क्षमता बढाउन भनीशुरु गरिएका खानेपानी कार्यक्रमहरूमा अस्थिर राजनीति, समस्यायुक्त योजना र कमजोर निर्माण प्रक्रियाको प्रभाव पर्दा आशातीत सफलता मिल्न सकेको छैन । वितरण गरिएको खानेपानीको मात्रा जति नै पानी मुहानमै बगेर खेर गइरहेको छ । किशोर कार्कीका अनुसार, अझैपनि मुख्य पाइपलाइनबाट बग्ने पानीको एक तिहाइ मात्रा त चुहावट भइरहेको छ । अझ भालुबासे (अट्ठारबेसी) खानेपानी कार्यक्रमको सवालमा त झन मुहान र मुख्य ट्याङ्की करिब-करिब समान उचाइमा अवस्थित छन्, जसका कारण मुख्य ट्याङ्कीको पानी भण्डारण गर्ने क्षमताको पूर्ण प्रयोग हुनसकेको छैन । योजनाहरूमा भएका यी र यस्तै किसिमका अन्य त्रुटिरूका कारण अझैपनि खानेपानी सेवामा अपेक्षित सुधार हुनसकेको छैन ।

इलाममा अध्ययन गरिएका तीनवटै खानेपानी कार्यक्रममा खानेपानीको गुणस्तरीयता परीक्षण तथा सुधारको उद्देश्यले पछिल्लो समय अनुसन्धान तथा परीक्षण गर्ने काम भएको छैन । उत्तरदाता १/एफ/सी/बिएका अनुसार ४ बर्ष पहिले भालुबासे (अट्ठारबेसी)को खानेपानीको गुणस्तरीयता परीक्षण भएको थियो र खानेपानी पिउन लायक भएको जानकारी दिइएको थियो । तर, अध्ययन गरिएको क्षेत्रमा यो परीक्षण एउटा अपवाद मात्र भयो जुन तत्पश्चात कहिल्यै दोहोरिएन । अर्को एउटा उदाहरण पनि भेटिन्छ जसमा 'नगरपालिका कार्यालयले पानी सुद्धीकरणकालागि संचालकलाई ३ के जी पोटास उपलब्ध गराएको थियो, पानी शुद्धीकरणको अनुभव तथा ज्ञानको अभावमा उनले सबै पोटास एकैपटक ट्याङ्कीमा मिसाइदिए जसकाकारण खानेपानी झनै विषाक्त भएको थियो । नगरपालिकाले संचालकलाई पानी शुद्धीकरण प्रक्रियाबारे सीप तथा ज्ञान दिनुपर्थ्यो' (उत्तरदाता ७/एम/बी/बियू) र (उत्तरदाता ११/एफ/डी/बिए) ।अनुभव र ज्ञानको अभावमा हुने यस्ता त्रुटिपूर्ण प्रक्रियाहरूले एकातिर मानव स्वास्थ्यमा असर गरिरहेका हुन्छन् भने अर्कातिर राज्यको संसाधनको दुरुपयोग भएको हुन्छ । खानेपानी शुद्धीकरणको सवालमा सम्बन्धित सेवाप्रदायक जवाफदेही हुन नसकेको देखिन्छ ।

सहभागी उत्तरदाताको लैङ्गिकता अनुसार हेर्दा, खानेपानीको गुणस्तरीयताका सवालमा उनीहरूको अवधारणामा विविधता छ । गहन अन्तर्वार्तामा सहभागी कूल १९ जना महिलामध्येका ११ जना (५७.८९%) ले आफूले प्रयोग गर्दै आएको खानेपानीको गुणस्तरीयताप्रति सन्तुष्ट भएको बताए, जबकि १२ जना पुरुष उत्तरदाता मध्येका ९ जना (७५%)गुणस्तरीयताप्रति सन्तुष्ट भएको पाइयो । महिलाहरू घरधुरीमा खानेपानी संकलन तथा उपभोगका प्रक्रियामा बढीजसो सामेल हुनेभएकाले खानेपानीको गुणस्तरीयताबारे उनीहरूको अवधारणामा केही बढी यथार्थता हुन्छ । किनभने, यस्तो परिस्थितिमा महिलाहरू मुहानको सफापन तथा स्वच्छता, फोहोर मिसिने सम्भावना तथा विगतमा परिवारका को-को सदस्य पानीका कारण विरामी भएका थिए भन्नेबारे बढी हेक्का राख्छन् ।

यस अध्ययनले देखाएअनुसार,विशेषतः, लगानी गर्न राज्यको क्षमता कमजोर भएको कारणले उपलब्ध खानेपानी कम गुणस्तरको भएको भन्ने पुष्टि हुँदैन । यहाँका केही स्थानीयले गर्ने अवाञ्छित गतिविधिले पनि खानेपानीको गुणस्तरीयता खस्किएको देखिन्छ । उदाहरणकालागि, देवीथान खानेपानी कार्यक्रमको मुहानलाई तारबारले संरक्षण गरिएको छैन, जसका कारण मौकाको फाइदा लिनखोज्ने केही स्थानीयलाई सहज बातावरण बनेको देखिन्छ । अध्ययन गरिएको क्षेत्रभन्दा अग्लो भूगोलमा अवस्थित मुख्य बजारबाट उत्पादित फोहोरलाई विना प्रशोधन नालीमा मिसाइएको छ जहाँबाट चुहावट हुने फोहोर पनि खानेपानीको स्रोतमा मिसिन पुग्छ । उत्तरदाता १०/एफ/बी/डी थप्छिन् :

> *हामीले प्रयोग गर्दैआएको खानेपानीको स्रोत सुरक्षित छैन । केही अवसरवादी मानिसहरू मुहान मै कपडा धोइदिन्छन्, केटाकेटीहरू त्यहीँ नुहाउँछन् । उनीहरूले नुहाउँदा, कपडा धुँदा निस्कने सावुनको फिँज मुहानमा मिसिन्छ । हामीले पटकपटक मुहानमा गएर फोहोर नगरीदिन आग्रह गरिसकेका छौं, हामी त्यहाँ नहुने बित्तिकै*

*उनीहरूले हाम्रो अनुरोध विर्सिन्छन र मौकाको फाइदा उठाइहाल्छन् । उनीहरूको यो तरिका हाम्रालागि हानिकारक भैरहेको छ ।*

आफूले प्रयोग गर्ने खानेपानी प्रदूषित हुने सिलसिला मुहानदेखि नै शुरुभएको जानकारी भएपनि, यहाँका उपभोक्ताहरू समक्ष आँफैले पानी उमाल्ने वा छान्ने विधि बाहेक अन्य कुनै शुद्धीकरणका उपायहरू सहजरूपमा उपलब्ध हुनसकेका छैनन् । उत्तरदाता १०/एफ/बी/डी लगायतका अन्य केही महिला उत्तरदाताहरू खानेपानीको गुणस्तरीयताका सवालमा खुलेर बोलेकाथिए। आफूले प्रयोग गर्ने खानेपानी कति सफा र सुरक्षित छ त भन्नेबारे जतिधेरै जानकारी उपभोक्ताहरूले प्राप्त गर्दछन्, उनीहरूले घरमा त्यति नै धेरै खानेपानी शुद्धीकरण गर्ने प्रक्रिया अपनाउने सम्भावना हुन्छ ।

सफा र सुरक्षित खानेपानी तथा सरसफाइ सेवामा राम्रो पहुँच भयो भने सामाजिक विकास तथा मानव विकासमा योगदान पुग्नुका साथै गरिबी निवारणमा पनि योगदान पुग्दछ (एडिबी, २०१०) । तर, अध्ययन क्षेत्रमा खानेपानी शुद्धीकरणको सवाल एउटा प्राविधिक समस्या मात्र नभएर अन्य विविध कुराहरूसँग पनि जोडिएको देखिन्छ। लैङ्गिक भूमिकाहरू र विभिन्न सामाजिक चरित्रहरूको समावेशिता आदिपनि प्रमुख मुद्दाका रूपमा देखिन्छन् ।

करिब ५५ प्रतिशत उत्तरदाताहरूले खानेपानी शुद्धीकरण गर्न उमाल्ने तथा छान्ने घरायसी विधि अपनाएको देखिन्छ। ती घरधुरीहरू जोसँग पानी शुद्धीकरण गर्नुपर्ने अवस्थाबारे जानकारी नै हुँदैन, जसलाई पानी शुद्धीकरण गर्ने प्रक्रियाको ज्ञान नै छैन र जोसँग आवश्यक स्रोत तथा प्रविधि पनि छैन, उनीहरू बिना शुद्धीकरण पानी उपभोग गर्छन् र पानीका कारण लाग्ने रोगहरूबाट ग्रसित हुन्छन् । उत्तरदाता २१/एम/बी/बिए थप्छन् :

*बर्षादको समयमा हाम्रो खानेपानी हेर्दैमा पनि नालीको पानीजस्तो देखिन्छ । बगेर आएका कीराहरू अड्किएर धारामा जोडिएको मिटर नै जाम हुनेगरेको पनि देखिएको छ । मनसुनको पूरै समयावधिमा खोनेपानी प्रदूषित हुनेगरेको छ । हामी कहिलेकहिले मुहान अवलोकन गर्न तथा सरसफाइ गर्न जान्छौं, तर हाम्रो प्रयासमात्र पर्याप्त भएकोछैन ।*

खानेपानीको मात्रा र गुणस्तरीयता सम्बन्धी समस्याहरूको सन्दर्भमा समाधानकालागि न त सेवाप्रदायकसँग क्षमता नै पर्याप्त छ न त क्षमता निर्माणमा उल्लेखनीय सुधार भएको देखिन्छ। धेरै घरधुरीहरूबाट गुनासा तथा समस्याहरू आइरहने हुँदा संचालकलाई जिम्मेवारीको अधिकभार परेको देखिन्छ। यस्तो परिस्थितिमा, उत्तरदाता २१/एम/बी/बिएका अनुसार, 'संचालकले उपभोक्ताका घरमा आउन नभ्याउने तर नगरपालिका कार्यालयलाई समस्या समाधानकालागि जानकारी गराउन मात्र सक्छन्' । कतिपय परिस्थितिमा यही कुरा नै संचालक र उपभोक्ता बीच कलहको कारक बन्ने गरेको छ । यदि कुनै घरधुरीले नगरपालिका कार्यालयमा आफ्ना समस्या तथा गुनासा राखेभने पनि तिनको सुनुवाइ हुने सम्भावना अत्यन्तै न्यून देखिन्छ। उत्तरदाता २१/एम/बी/बिएकै अनुसार पनि कम्तीमा पनि '६ महिनासम्म त यस्ता समस्याहरूमा सेवाप्रदायक कसैका आँखासम्म पुग्दैनन्' ।

### ४.१.२ समावेशी सेवाप्रवाहमा एलजिसिडिपी को प्रभाव

एलजिसिडिपीले विभिन्न सामाजिक पृष्ठभूमिका मानिसहरूको समावेशी सहभागितासहितको विकासलाई आफ्नो लक्ष्य बनाएको छ । सहभागिताको सवालमा यस अध्ययनलेपनि कुनैपनि किसिमको विभेद भएको प्रमाण भेटेकोछैन । यद्यपि, एलजिसिडिपीको सहायता प्राप्त भएपश्चात सम्पन्न भएका यहाँका खानेपानी कार्यक्रमहरूबाट लाभान्वित हुने घरधुरीहरूको सेवा सुधारबारेका अनुभवमा पनि विविधता छ । उत्तरदाताहरूले खानेपानी सेवामा आफ्नो पहुँच बारे दिएका अभिव्यक्तिहरूले पनि सेवा वितरणमा देखिएको असमानतालाई इङ्गित गर्दछन् ।

अध्ययन क्षेत्रमा कुनैकुनै घरधुरीले कि त आँशिकरूपमा खानेपानी सेवा प्राप्त गरेकाछन् कि त सेवाबाट नै बञ्चित छन् । उत्तरदाता ८/एफ/बी/बिएको परिवार अध्ययन क्षेत्रको वडा नम्बर ५मा बसाइँ सरिआएको ५ महिना भयो । उनको

परिवार घर भाडामा लिएर बसिरहेको छ। उनकोजस्तै यहाँका अन्य केही घरधुरी र घरको एकतला वा कोठा भाडामा लिएर बस्नेहरू खानेपानीको धारा जडान नगरिएको हुनाले समस्या भोगिरहेकाछन्। उनीहरू प्रायः छिमेकी वा घरधनीको खानेपानीको धाराबाट पानी खेप्दै आएकाछन्। प्रतिदिन ५० लिटरसम्म मात्र पानी संकलन गर्नसक्ने यस्ता घरधुरीहरूले खानेपानी तथा सरसफाइ सम्बन्धी आवश्यकताहरूमा सम्झौता गर्दै जीविका चलाउनुपरेको उनीहरूको गुनासो छ।

नगरपालिका कार्यालयले राखेका विभिन्न प्रावधानले सेवाप्रवाहमा केही स्थानीयहरूको पुहुँचमा वाधा पुगेको गुनासो छ केही उत्तरदाताहरूको। नगरपालिका कार्यालयले राखेको प्रावधान अनुसार, धारा जडान गर्न लालपूर्जा, घरको नक्सा र शौचालय निर्माण गरिएको प्रमाणपत्र पेश गर्नुपर्ने हुन्छ। कतिपय अवस्थामा घरधुरीसँग यी मध्येका कुनै प्रमाण उपलब्ध नहुनसक्छन् र यही प्रशासनिक झन्झटका कारण कतिपय घरधुरीहरू सेवाबाट नै बञ्चित हुनुपरेका उदाहरणहरू प्रशस्तै भेटिन्छन्। उत्तरदाता ८/एफ/बी/बिएको परिवारसँग आफ्नै व्यक्तिगत धारा छैन। प्रमाणहरू उपलब्ध गराउन नसक्ने तर सोही ठाउँमा लामो समयदेखि बसोबास गर्दै आएका घरधुरीहरू सेवाबाट बञ्चित वा आंशिकरूपमा लाभान्वित हुनुपरेको अवस्था हेर्दा समग्र सेवा नै समावेशी हुन नसकेको देखिन्छ।

यहाँका केही स्थानीय घरधुरीहरू जो प्रतिदिन १ सय लिटर भन्दा बढी खानेपानी संकलन गर्नसक्तैनन्, उनीहरूले सोही खानेपानीको अत्यन्तै मितव्ययी प्रयोग गर्नुपर्ने र पानी बचाएर सरसफाइका लागि पनि प्रयोग गर्नुपर्ने हुन्छ। मितव्ययी तरिका अपनाउनु राम्रो भएतापनि कतिपय अवस्थामा पानी कम उपलब्ध हुँदा यहाँका घरधुरीले तनावको अवस्था झेल्नुपरेको छ। अझ कतिपय घरधुरी (जस्तै, उत्तरदाता ९/एफ/बी/बिए)लाई त प्रतिदिन १ सय ५० लिटर पानीले पनि नपुग्ने अवस्था हुनसक्छ। यसैगरी उत्तरदाता १२/एम/बी/बियू प्रतिदिन ५०० लिटर खानेपानी संकलन गर्छन, उनले बताएअनुसार यो उनको परिवारको लागि पर्याप्ति छ। यी विभिन्न प्रसङ्गहरूले अध्ययन क्षेत्रमा खानेपानीको वितरण समावेशी तथा न्यायोचित नभएको देखाउँछन्।

खानेपानी सेवाप्रवाहमा देखिएका विभिन्न किसिमका जटिलता, असहजता, तथा विभेदको सवालमा मुख्य ४ वटा कारणहरू अगाडि देखिन्छन्। यस अध्ययनले ती कारणहरूको पहिचान गरेर आवश्यक प्रमाण सहित प्रस्तुत गरेको छ।

### (क) सेवाप्रवाहमा प्रशासनिक बाधा/अड्चन

एलजिसिडिपी–सहायता प्राप्त खानेपानी कार्यक्रम पूर्ण समावेशी बन्न नसक्नुमा यस अध्ययनको नतिजाले देखाएअनुसार, कम्तीमापनि ४ वटा प्रशासनिक वाधा/अड्चन तथा 'राजनीतिक प्रभाव' (उत्तरदाता ८/एफ/बी/बिए) का सवालहरूले योगदान पुऱ्याएको देखिन्छ।

- **प्रशासनिक ढिलासुस्ती हुनु**ः घरको नक्सा नगरपालिका कार्यालयबाट अनुमोदित नभएकाले केही घरधुरीहरूसँग अझैपनि खानेपानी तथा बिजुलीको मिटर उपलब्ध छैन। नगरपालिकाले उपलब्ध गराउने सेवाहरू प्राप्त गर्न सम्बन्धित व्यक्तिले घरको नक्सा अनिवार्य देखाउनु पर्दछ। नगरपालिकाको वडा नम्बर ५ भन्ज्याङ्गमा अझैपनि केही घरधुरी त्यहाँका भालुबासे (माथिल्लो)र भालुबासे (अट्ठारबेसी) खानेपानी कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनसकेका छैनन्। उनीहरूले आफ्नो छिमेकीको घरको धाराबाट पानी उपभोग गर्दैआएका छन्। उत्तरदाता ३/एम/डी/बिएका अनुसार, 'प्रत्यक्ष सेवाबाट बन्चित यस्ता घरधुरीले निजी धाराकालागि नगरपालिकाको कार्यालयमा निवेदन दिएकाछन्। तर अहिलेसम्म उनीहरूको निवेदन स्वीकृत भएकोछैन। हुनसक्छ, यी घरधुरीले शुरुआतमा नगरपालिकाबाट आफ्नो घरको नक्सा पास गराएका थिएनन् र नक्सा पास नभएका घरधुरीलाई नगरपालिकाले सेवाप्रवाह पनि स्वीकृत गर्दैन।' यहाँका केही गरिब र दलित घरधुरीहरू कम शिक्षित छन्, उनीहरूको सशक्तीकरण गरिएको छैन र कतिपय सन्दर्भमा उनीहरू आवश्यक कानुनी प्रक्रियाबारे कम विज्ञ वा अनभिज्ञ छन्, कतिपयसँग त महत्वपूर्ण कागजातहरू नै नहुनसक्छन्। यस्तो

अवस्थामा नगरपालिकाले सेवाप्राप्त गर्न उनीहरूलाई सहज प्रक्रिया नअपनाएको देखिन्छ । र अपुग प्रमाणहरू तयार गर्ने काम प्रशासनिक हिसावले छिटोछरितो देखिँदैन । यस अर्थमा, समुदायका मानिसहरूको नजरमा स्थानीय प्रशासन स्वयम् नै बाधककारूपमा रहेको देखिन्छ ।

- **बजेट बाँडफाँडमा राजनीतिक प्रभाव रहनुः** नगरपालिकाको मुख्य बजार र अल्लिपरका दुर्गम वडाहरूमा बजेट वितरणको प्रक्रियामा समानता देखिँदैन । केही उत्तरदाताहरूका गुनासालाई नै आधार मान्ने हो भने पनि नगरपालिकामा राजनीतिक नियुक्तिबाट हुने प्रभावका कारणले पनि सबै वडामा बजेटको समान वितरण हुनसकेको छैन ।इलाम नगरपालिका कार्यालय (२०१३)का अनुसार, राजनीतिक प्रभावकै कारण बजेटको वितरण समान किसिमको हुन सकेको छैन । विगतमा कुनै वडाले ६० हजार १८ रुपैँया प्राप्त गरेको त कुनै अर्को वडाले १ लाख २९हजार ९ सय ५४ रुपैयाँसम्म प्राप्त गरेका थिए ।
- **खानेपानीको वितरणमा राजनीतिक प्रभाव रहनुः** खानेपानी वितरण गर्ने संचालकले खानेपानी समान हिसाबले वितरण भएनभएको त्यति ख्याल नगरी रिजर्भायर खोल्ने–बन्द गर्ने गरेको केही उत्तरदाताहरूको गुनासो छ । खानेपानी न्यायोचित हिसावले वितरण भएनभएको, पूर्वाधारहरू मर्मत भएनभएको, र कोही स्थानीयले सेवाप्रदायकलाई प्रभावमा पारेनपारेको आदिबारे नगरपालिकाले अवलोकन तथा मूल्याङ्कन गर्न सकिरहेको देखिँदैन । उत्तरदाता २/एफ/जे/बियूले दावी गरेअनुरुप, 'यहाँका केही स्थानीयहरू प्रभावशाली छन्, जसले संचालकलाई आफ्नो टोलमा धेरै पानी छाड्न लगाउन सफल छन् ।'
- **अवैधानिक क्रियाकलापमा सजाय नहुनुः** उत्तरदाता ६/एफ/जे/बिएले बताएअनुसार (र यस अध्ययनका अनुसन्धाताहरूले अवलोकन गरेअनुसार) केही घरधुरीले मिटर जोडिएको ठाउँभन्दा अगाडिबाट नै पाइपलाई छुटाएर खानेपानी उपभोग गर्दै आएकाछन् । नगरपालिका कार्यालयले यस्ता किसिमका अवैधानिक गतिविधिको जाँचपड्ताल गर्न सकिरहेको छैन । उत्तरदाता ६/एफ/जे/बिएले नै बताएअनुसार, उनले यो सवाललाई लिएर नगरपालिका कार्यालयमा दुईपटकसम्म गुनासो राखेकी थिइन्, यद्यपि, 'नगरपालिकाले उनको गुनासोप्रति खासै चासो देखाएन । यस्तो प्रवृत्तिकै कारण अवैधानिक गतिविधि गर्नेहरू पनि उक्सिएका छन्, जसकाकारण सेवाको असमान वितरणमा टेवा पुगिरहेको देखिन्छ ।'

### (ख) सेवाप्रवाहमा भौतिक पहुँच


अधिकांश उत्तरदाताले बताएअनुसार, प्रशासनिक व्यवधानका अलावा भू–बनोटका कारणलेपनि सेवाप्रवाहमा उपभोक्ताहरूको भौतिक पहुँचमा विविधता भएको देखिएको छ ।

अध्ययन क्षेत्रमा नगरपालिकाबाट वितरण गरिएका धाराहरू कहीँ उपभोक्ताको घरमै जडान गरिएको छ त कहीँ टोलमा । तुलनात्मकरूपमा दुर्गम वडाहरू (४, ५ र ६)मा भन्दा मुख्य बजार क्षेत्र (वडा १,२ र ३)मा खानेपानी तथा सरसफाइका सेवाहरूको प्रबन्ध तुलनात्मकरूपमा राम्रो देखिन्छ । वडा नम्बर ४ र ५ नगरपालिकाको मुख्य बजारबाट निकट दूरीमा अवस्थित भएपनि यहाँका स्थानीयहरूले उपयुक्त खानेपानी तथा सरसफाइका सेवाहरू प्राप्त गर्न अझैपनि संघर्ष गर्नुपरेको देखिन्छ । उत्तरदाता २/एफ/जे/बियू भन्छिन्, *'नुहाउन तथा लुगा धुन हामीलाई माईखोला पुग्न आधाघण्टा लाग्छ'* । उकालो–ओरालो भू–बनोटका कारण नगरपालिकाले नजिकैको माईखोलालाई खानेपानी तथा सरसफाइको प्रयोजनमा प्रयोग गर्न सकिरहेको छैन । यसैगरी, अध्ययन क्षेत्रमा बर्षादको पानी संकलन गर्ने प्रविधिको प्रयोग भएको पनि देखिँदैन । यसप्रकार, हालको अवस्थामा यहाँका स्थानीयहरूले जे जति पानी उपलब्ध छ त्यसमा मात्रै भर पर्दै आफ्नो खानेपानी तथा सरसफाइ सम्बन्धी आवश्यकताहरूमा सम्झौता गर्नुपरेको देखिन्छ ।

उत्तरदाता ४/एम/बी/बिएका अनुसार, वडा नम्बर ५ भन्ज्याङ्गका घरधुरीहरू (हाल भालुबास,अट्ठारबेसी) उपभोक्ताले विगतमा भालुबासे (माथिल्लो) खानेपानी कार्यक्रमबाट नै खानेपानी खेप्दै आएका थिए । उक्त खानेपानी कार्यक्रमलाई

साझारूपमा प्रयोग गर्दा कैयन पटक विवाद तथा द्वन्द्वको अवस्था देखिएको थियो । विकल्पकारूपमा उनीहरूले *'एक गाग्री पानीकालागि एक घण्टाको यात्रा गर्दै अन्य वैकल्पिक मुहान चहार्दै हिँड्नुपर्थ्यो'* (उत्तरदाता ४/एम/बी/बिए) । अहिले मालुबासे (अट्ठारबेसी) संचालनमा आएपछि अवस्था केही सहज भएको छ, तर अझैपनि उपलब्ध खानेपानीको मात्रा तथा गुणस्तरको अवस्थाप्रति स्थानीयहरू सन्तुष्ट छैनन् । विशेषगरी हिँउदयाममा जब खानेपानी आपूर्ति कम वा बन्द हुन्छ यहाँका घरधुरीले एक घण्टा भन्दा बढी समयसम्मको (उत्तरदाता ६/एफ/जे/बिए) यात्रा तय गरी अन्य वैकल्पिक स्रोतबाट खानेपानी खेप्न निस्कनुपर्छ । खानेपानी खेप्न १० मिनेटसम्मको यात्रा गर्नुपर्ने कूल घरधुरीमध्येका ब्राह्मण/क्षेत्री घरधुरीहरूको संख्याको अनुपात दलित र जनजाति घरधुरीहरूको संख्या भन्दा उल्लेखनीयरूपमा कम देखिन्छ । यसको एउटा कारण दलित र जनजाति घरधुरीहरूको बसोवास नगरपालिकाको सीमान्तीकृत भूगोलमा हुनु र उनीहरू खानेपानीका वैकल्पिक स्रोतहरूबाट टाढाको दूरीमा हुनु हो । चित्र ३ मा जाति/जातीयता अनुसार खानेपानीको वैकल्पिक स्रोतसम्म पुग्न लाग्ने समयलाई देखाइएको छ ।

**चित्र ३: खानेपानीका वैकल्पिक स्रोतहरूसम्म पुग्न लाग्ने समय (जात/जातीयताका आधारमा)**





मुख्य ट्याङ्कीमा हिलो जम्मा हुने र मुख्य पाइपलाइनहरूमा हुने चुहावटका कारण अध्ययन गरिएका खानेपानी कार्यक्रमहरूमा कहिलेकाहीं पानी आपूर्ति ठप्पजस्तै हुन्छ । यस्तो अवस्थामा स्थानीयहरूनै ट्याङ्की सफा गर्न तथा पाइपलाइन मर्मत गर्न जाने गर्छन् । जमिन माथिनै ओछ्याइएको हुनाले मुख्य पाइपलाइनहरू ठाउँठाउँमा जीर्ण देखिन्छन् । पाइपलाइन मर्मतमा जोडिएका टुक्रा पाइपहरू कहीं ३० एमएमका छन् त कहीं २० एमएमका । उक्त कारणले पनि खानेपानी आपूर्ति अनियमित भएको देखिन्छ । अन्य संरचनामा सुधार गरी हालका भन्दा ठुला पाइपलाइन विछ्याएर

मुहानमा उपलब्ध पानीको भरपुर प्रयोग गर्नेहो भने अध्ययन क्षेत्रमा देखिएको खानेपानी अभावको विकराल अवस्थाबाट स्थानीयहरूले छुटकारा पाउने देखिन्छ, तर यो प्रयास कहीँकतैबाट पनि भएको देखिँदैन ।

अध्ययन क्षेत्रमा खानेपानीको वितरण प्रक्रिया प्राविधिक हिसाबले पनि त्रुटिपूर्ण देखिन्छ, किनभने ‘सकेट तथा एल–बोहरू नै उचित तरिकाले जोडिएका छैनन्’ (उत्तरदाता २/एफ/जे/बियू) । पाइपलाइनमा माथिबाट जोडिएका सकेटबाट भन्दा तलबाट जोडिएका सकेटबाट तुलनात्मकरूपमा बढी पानी आपूर्ति हुन्छ । अध्ययन क्षेत्रमा खानेपानीको समान वितरण नहुनुपछाडिको एउटा कारण सकेटहरूको गलत जोडाइ पनि हो । ‘केही प्रभावशाली स्थानीयहरूले संचालकलाई प्रभावमा राखी आफ्नो पाइपलाइनलाई मुख्य पाइपलाइनको तल्लो भागबाट जोड्न लगाएका छन्’, उत्तरदाता २/एफ/जे/बियू को गुनासो छ ।अध्ययन क्षेत्रको अग्लो भू–भागमा बस्ने घरधुरीहरू तुलनात्मकरूपमा कमजोर आर्थिक अवस्थाका छन् जो खानेपानी सेवाकालागि धेरै लगानी गर्न असमर्थ भएकाले सेवाबाट वञ्चित छन् ।अग्लो भू–भागमा जमिनको मूल्य पनि कम हुनु र खेतीपातीमा पनि उब्जनी कम हुनु उनीहरूको आर्थिक अवस्था कमजोर हुनुको मुख्य कारण हो । त्यसैले उनीहरूको जीविकोपार्जन नै असुरक्षित देखिन्छ । नगरपालिका कार्यालयले पनि आर्थिक–प्राविधिक कठिनाइका कारण अग्ला भू–भागमा खानेपानी सेवा विस्तार गर्न नसकेको देखिन्छ । खानेपानीको असमान वितरणलाई देखाउने गरी (जात/जातीयताका आधारमा) तथ्याङ्कलाई चित्र ४ मा प्रस्तुत गरिएको छ, जहाँ घरधुरीहरूले प्रत्येक दिन प्राप्त गर्ने खानेपानीको मात्रा देखाइएको छ ।

**चित्र ४: घरधुरीले प्राप्तगर्ने खानेपानीको मात्रा (जात/जातीयताका आधारमा)**




**(ग) आर्थिक पहुँच**

व्यावहारिक हिसाबले हेर्दा, नगरपालिका कार्यालयले एलजिसिडिपीको सहायता अन्तर्गत खानेपानी तथा सरसफाइ सेवामा सुधारका लागि ल्याएका योजनाहरूमा स्थानीयहरूको आर्थिक लगानी तथा श्रमदानले पनि महत्वपूर्ण स्थान ओगटेको देखिन्छ । सेवाप्राप्त गर्दैआएका स्थानीय घरधुरीहरूले मुख्य पाइपलाइनबाट आफ्नो पायकको स्थानसम्म

धारा ल्याउन औपचारिक र अनौपचारिक दुवै तवरले शुल्क तिरेकाछन् । एलजिसिडिपीबाट प्राप्त सहायता अपुग भएकाले भालुबासे अट्ठारबेसी खानेपानी कार्याक्रमबाट सेवा उपभोग गरिरहेका प्रत्येक घरधुरीले शुरुआतमा नै ३ सय रुपैयाँ सहयोग गरेका थिए । नगरपालिका कार्यालयले धारा जडान शुल्क (३ सय रुपैयाँ), मिटर जडान (६ सय रुपैयाँ), मुख्य पाइपलाइनसम्म जोड्ने पाइप (२ हजार रुपैयाँ) र एल–बो तथा सकेट (४ सय रुपैयाँ) थप शुल्क असुली गरेको थियो । उत्तरदाता १/एफ/सी/बिएले धारा जडान गर्दाको आफ्नो व्यक्तिगत आर्थिक खर्चकोमात्र हिसाब जोड्दा पनि ‘कूल ३६ सय’ पुगेको बताइन् । आर्थिक खर्चसँगै उनीहरुले करिब७ दिन श्रमदान पनि गरेका थिए (प्रत्येक दिनको ज्याला करिब २ सयका दरले जोड्ने हो भने ७ दिनको १४ सय रुपैयाँ हुन्छ) । यसरी हेर्दा, उत्तरदाता १/एफ/सी/बिएले गरेको आँकलन अनुसार नै जोड्दा पनि खानेपानी सेवा प्राप्त गर्नकालागि भएको व्यक्तिगत लगानी ‘कूल ५ हजार’ रुपैयाँ पुग्छ । यस अध्ययनले पत्ता लगाएअनुसार, हाल सेवा उपभोग गरिरहेका सबै घरधुरीहरूले कम्तीमापनि सोही बराबर रकम लगानी गरेका थिए । खानेपानी आधारभूत आवश्यकता भएको कारणले गर्दा यहाँको आर्थिक अवस्था कमजोर भएका केही घरधुरीहरूलेपनि उक्त रकम तिर्नुका साथै श्रमदान पनि गरेका थिए । यस अध्ययनमा आर्थिक अवस्था कमजोर भएका घरधुरीले कसरी उक्त पैसाको जोहो गरे भन्नेबारे गहिराइमा अध्ययन गरिएको छैन तैपनि स्थानीय सन्दर्भहरूलाई अवलोकन गर्दा उनीहरूले स्थानीय सहकारी तथा साहुहरूबाट ऋण–सापट गरेको हुनसक्ने देखिन्छ ।


मासिक शुल्क नियमित भुक्तानी नगर्ने घरधुरीलाई नगरपालिकाले जरिवाना गर्ने तथा कारबाहीको दायरामा ल्याउने भन्ने प्रावधान छ । लामो समय भुक्तानी नभएको खण्डमा पहिलो चरणमा संचालकमार्फत सम्बन्धित घरधुरीलाई जानकारी हुन्छ र भुक्तानी नगरे सेवा वन्द गर्ने चेतावनी दिइन्छ । यद्यपि, यो सवालमा नगरपालिकाले के कति घरधुरीलाई कारबाहीगऱ्यो भनी खोज्दा कारबाही भएका (सेवा बन्द गरिएका) अत्यन्तै न्यून प्रमाणहरू पनि भेटिएनन् । यसले सेवाप्रवाह र सेवा शुल्क भुक्तानीको सवालमा भएका विभिन्न प्रावधानहरू पूर्णरूपमा कडाइका साथ लागू भएको पाइएन । खानेपानी कार्यक्रमका संरचना मर्मत, मुहान सफाइ आदि कुरामा अपवादवाहेक,शहरीबस्तीका उपभोक्ताले भन्दा ग्रामीणबस्तीका उपभोक्ताले बढी श्रमदान गर्दैआएकाछन्, तर नगरपालिकाले श्रमदान गर्नेहरू, नगर्नेहरू, कम गर्नेहरू र बढीगर्नेहरू सबैलाई समान व्यवहार गर्ने (समान शुल्क लिने) गरेको उत्तरदाता १/एफ/सी/बिए लगायतका उत्तरदाताहरूको गुनासो कायमै रहेको छ । धेरै श्रमदान गर्दै आएका ग्रामीणवस्तीका उपभोक्ताहरू नगरपालिका कार्यालयको यस्तो व्यवहारप्रति सन्तुष्ट छैनन् । कसैले श्रमदान गरेपनि हुने, कसैले नगरेपनि हुने अवस्था देखिएकोले ग्रामीणवस्तीका उपभोक्ताहरू निराश देखिन्छन् ।

अध्ययन क्षेत्रमा प्रत्येक घरधुरीले नगरपालिका कार्यालयलाई खानेपानी सेवावापत १ सय रुपैयाँदेखि १ सय ५० रुपैयाँ (औसतमा१ सय २५ रुपैयाँ)मासिक सेवाशुल्क भुक्तानी गर्दै आएकाछन् । घरधुरीमा वितरण गरिएको पानीको मात्रा मिटरमा संकेत भएअनुसार शुल्क तिर्नुपर्ने प्रावधान छ । यद्यपि, केही घरधुरीहरूमा जोडिएका खानेपानीका मिटरहरू काम नगर्ने भएकाछन् । केही घरधुरीहरूका मिटर नै हराएकाछन् । केही उदाहरणमा मिटर नै जाँच नगरी बिल चडाइने गरेको पनि सुनिन्छ । उत्तरदाताहरूले सुनाएका उनीहरूका अनुभवहरू हुन् यी । उनीहरूले बताएअनुसार पनि मिटरमा पानी जाँच्ने प्रक्रिया र त्यसमै आधारित हालका शुल्क निर्धारणमा त्रुटिहरु रहेकाछन् ।


औसतमा मासिक १ सय ३० रुपैँया खानेपानी सेवाशुल्क नगरपालिकाको कार्यालयलाई भुक्तानी गर्ने उत्तरदाता २/एफ/जे/बियूको परिवारले प्रतिदिन १ सय ५० लिटर पानी संकलन गर्दैआएको छ । यिनै उत्तरदाताले बताएअनुसार, कहिले काहीँ सेवाशुल्क तिर्न ढिलाइ हुँदा उनले नगरपालिका कार्यालयलाई २५ रुपैँयासम्म जरिवाना तिर्नुपरेको थियो । यसैगरी, उत्तरदाता ७/एम/बी/बियूका अनुसार, ६ जना सदस्यभएको उनको परिवारलाई दैनिक उपलब्ध २ सय लिटर पानी पर्याप्त भएको छैन । उनी राज्यलाई बढी कर तिरेर थप सेवा लिन चाहन्छन, ‘मैले बढी पैसा तिरेर थप सेवा लिन किन नपाउने?’ । उनको यो प्रश्नले अध्ययन क्षेत्रमा भएका अरू केही उपभोक्ताहरूलाई पनि प्रतिनिधित्व गरेको छ जो बढी शुल्क तिरेर पर्याप्त सेवा लिन चाहन्छन् र सँगसँगै एउटा जवाफदेही सेवाप्रदायक (स्थानीय प्रशासन)को उपस्थिति

पनि चाहन्छन् । उल्लेखित सबै सन्दर्भहरूको विश्लेषण गर्दा, अध्ययन क्षेत्रमा संचालित खानेपानी कार्यक्रम र लागू भएका नीति नियम वैज्ञानिक भएको पुष्टि हुँदैन । साथै यो अवस्थाले सेवा तथा सेवाप्रवाहको अर्थ–राजनीतिमा तालमेल नभएको देखाउँछ । तल प्रस्तुत चित्र ५ र ६ मा खानेपानी सेवाबापतको शुल्कप्रति (जात/जातीयता र लैङ्गिकता अनुसार छुट्याएर) उत्तरदाताहरूको धारणा प्रस्तुत गरिएको छ ।

**चित्र ५ :खानेपानी सेवाबापतको शुल्कप्रति उत्तरदाताहरूको धारणा (जात/जातीयता अनुसार)**




**चित्र ६: खानेपानी सेवाबापतको शुल्कप्रति उत्तरदाताहरुको धारणा (लैङ्गिकता अनुसार)**



प्राप्त तथ्याङ्कअनुसार अधाभन्दा बढी उत्तरदाताहरूले आफुले उपभोग गर्दै आएको खानेपानीसेवा वापतको शुल्क ‘ठिक्क’ भएको धारणा राखे । सेवा शुल्कप्रति महिला तथा पुरुषको धारणामा विविधता देखिन्छ । महिला तथा पुरुष उत्तरदाताहरूको अनुपातअनुसार, कूल १२ जना पुरुष मध्येका २ जनाले मात्र खानेपानीसेवा वापतको शुल्क ‘महँगो’ भएको बताए जबकि १९ जना महिला उत्तरदाता मध्येका ७ जनाले सेवा वापतको शुल्क ‘महँगो’ भएको बताए। (क) पुरुषहरूको तुलनामा महिलाहरूको आय कम हुनु, (ख) घरमा पानीका विविध आवश्यकताहरू पुरा नभएको कुराबारे बढी परिचित हुनु र अपर्याप्त सेवालाई धेरै शुल्क तिरेजस्तो लाग्नु स्वाभाविक भएकाले, सेवा शुल्कबारे पुरुष र महिलाको धारणामा व्यापक भिन्नता देखिन्छ ।

नगरपालिका कार्यालयले मिटर जोड्न र पाइपलाइन बिछ्याउन शुल्क लिएको भएपनि आफूहरूनै उक्त काममा लाग्नुपरेको उत्तरदाताहरूको गुनासो रहेको छ । खानेपानीको धारा जोडेका तर विविध समस्याका कारण सेवाबाट बञ्चित रहेकाहरूले पनि नगरपालिकाले तोकेको ‘न्यूनतम सेवा शुल्क’ तिर्नैपर्ने प्रावधान छ । उदाहरणकालागि, हवाइमैदान बनाउने क्रममा विस्थापित भएका घरधुरीहरूले मिटर छुटाएपछि पनि ‘न्यूनतम सेवा शुल्क’ तिर्दै अएका थिए। न्यूनतम सेवा शुल्क तिर्नैपर्छ, ‘अरूकुनै बाटै छैन’, उत्तरदाता २१/एम/बी/बिए भन्छन् । भालुबासे (अट्ठारबेसी) खानेपानी कार्यक्रम लागू भएको ठाउँ आसपास आर्थिक अवस्था कमजोर भएका केही घरधुरीहरू छन्, जसले पाइपलाइनको लागत तथा मासिक शुल्क तिर्न नसक्ने देखिन्छ, त्यसैले उनीहरू सेवावाट वञ्चित छन् । उनीहरू एकघण्टा समय खर्चेर पानीका वैकल्पिक स्रोतहरू धाउँदै आएका छन् ।


भालुबासे (अट्ठारबेसी) खानेपानी कार्यक्रम अन्तर्गत सेवा उपभोग गर्दै आएका स्थानीय किशोर कार्कीका अनुसार, खानेपानीको मुख्य पाइपलाइन परिवर्तन गर्नुपर्ने माग राख्दै यहाँका स्थानीयहरूले धेरैपटक नगरपालिका कार्यालयमा गुनासो गरेकाथिए, तर उनीहरू प्रत्येक पटक नगरपालिका कार्यालयमा पाइपलाइन फेर्ने बजेट नभएको उत्तर सुनेर फर्किनु पऱ्यो । हालको वितरण प्रक्रियाअनुसार जाँदा बजेट छरिने, प्रशासनिक खर्चमा कटौती हुने र दुरुपयोग हुने भएकाले केन्द्रबाट आएको बजेट स्थानीय सरकारले सोझै खानेपानी व्यवस्थापन समितिहरूलाई वितरण गर्नुपर्छ, कार्कीको धारणा छ। उत्तरदाता १/एफ/सी/बिएले बताएअनुसार पनि आधिकारीकरूपमा स्थानीय उपभोक्ताहरूको समिति गठन गरी केन्द्र सरकारले तिनै समितिमार्फत विकास अगाडि बढाएर प्रशासनिक खर्च कटौती गर्नसक्थ्यो ।

**(घ) सामाजिकबाधा/अड्चन**

खानेपानी खेप्नुपर्ने, परिवारका सदस्यहरूका लुगा धुनुपर्ने, खेत करेसावारीको काम गर्नुपर्ने तथा परिवारकालागि खाना तयार गर्नुपर्ने आदि बोझिला कामहरू नेपालमा अझैपनि महिलाहरूले नै बढी गर्नुपरेको छ। अध्ययन क्षेत्रमा महिला प्रमुख अभिभावक रहेका केही घरधुरीहरू अझैपनि कि सेवावाट आंशिक लाभान्वित छन् कि त वञ्चित नै छन् । खानेपानी सेवाकालागि श्रमदान गर्न नसक्ने वा नसकेका यस्ता घरधुरीहरू तुलनात्मकरूपमा कम सदस्य भएका तथा गरिबपनि छन् । उनीहरू छिमेकीको घरबाट पानी ल्याउँछन् र सेवा शुल्कको सानो आर्थिक हिस्सा भुक्तानी पनि गर्दछन् । श्रमदान गर्न नसक्ने र आर्थिकरूपमा पनि विपन्न यस्ता घरधुरीहरूलाई सहुलियतको सेवाप्रवाह गर्ने बारे नगरपालिका कार्यालयसँग कुनै नीति तथा कार्यक्रम छैन। यस्तो अवस्थामा माथि उल्लेखित प्रकृतिका घरधुरीहरूको छिमेकीहरूसँगको सम्बन्ध कस्तो छ भन्ने कुरा प्रमुख हुन्छ। अध्ययन क्षेत्रमा उपभोक्ताहरूको सामाजिक सम्बन्ध राम्रो भएको देखिन्छ ।

खानेपानी सेवाको असमान वितरण हुनुको कारण प्रत्यक्ष रूपमा जातजातिअनुरूपको विभेद नभैकन भौगोलिक अवस्था जटिल हुनु रहेको छ (उत्तरदाताको जात/जातीयता अनुरूप खानेपानीको वितरणलाई चित्र ७ मा प्रस्तुत गरिएको छ) । अध्ययन क्षेत्रमा प्रायजसो दलित घरधुरीहरू अग्लो भूगोलमा बसोबास गर्दैआएका हुनाले खानेपानी सेवा विस्तार गर्न सेवाप्रदायकलाई पनि आर्थिक तथा प्राविधिक कठिनाइ कायमै छ ।

चित्र ७: उत्तरदाताको जात/जातीयता अनुरूप खानेपानीको वितरण




अध्ययनका क्रममा गरिएको अवलोकनमा पनि अग्लो भूगोलमा बस्दै आएका अधिकांश घरधुरीहरूको खानेपानी सेवा प्रवाहमा सहज पहुँच नभएको देखियो। यसैगरी, पर्याप्त स्रोत तथा संरचनाको अभावका कारण अध्ययन क्षेत्रको कम उचाइ भएको भूगोलमा बस्ने घरधुरीहरूको पनि खानेपानी सेवामा सहज पहुँच छैन। यद्यपि, अग्लो भूगोलमा बस्ने घरधुरीको तुलनामा कम उचाइमा बस्नेहरूकालागि खानेपानीका वैकल्पिक स्रोतहरू जस्तै मूल, खोल्सा, खोला, नदी आदिको पहुँच केही बढी सहज देखिन्छ।

### ४.२ खानेपानी सेवाप्रवाह, समुदायिक सहभागिता, स्थानीय शासन र राज्य-समाज सम्बन्ध सुधारमा एलजिसिडिपी कार्यक्रमको प्रभाव

एलजिसिडिपीको प्रथम चरणबाट नै विकास कार्यक्रमलाई स्थानीय प्रशासन र सामुदायिक विकासमा केन्द्रित गरिएको थियो। कुशल तथा प्रभावकारी खानेपानी सेवामा पहुँच र स्थानीय प्रशासन तथा नीति निर्माणमा आफ्नो भनाइ राख्ने स्थानीयहरूको अपेक्षा एलजिसिडिपीको कार्यक्रम लागूभएपश्चात आंशिकरूपमा पूरा भएको देखिन्छ। अध्ययनको यो खण्डमा खानेपानी तथा सरसफाइका सेवा प्रवाह र स्थानीय प्रशासनमा समुदायको सहभागिताको सवालमा उत्तरदाताका धारणाहरूलाई प्रमाणकारूपमा प्रस्तुत गरिएको छ।

एलजिसिडिपीको सहायता प्राप्त हुनुपूर्व अध्ययन गरिएका तीनवटै खानेपानी कार्यक्रमहरू स्थानीय हिसाबले नै व्यवस्थापन गरिएका थिए र स्रोत-साधनको अभावले पनि प्रभावकारी हुन सकेका थिएनन्। एलजिसिडिपीको धेरैजसो सहायतालाई स्थानीय प्रशासनका कर्मचारीहरू (प्राविधिक, इन्जिनियर) र सामाजिक परिचालकहरूको क्षमता निर्माणमा मजबुत बनाउनमा खर्च गरिएको देखिन्छ। सेवा प्रदायकको क्षमता बढाउन गरिएका यी प्रयासहरूबाट सेवाप्रदायक तथा राज्यको वैधतामा टेवा पुर्‍याउने लक्ष्य राखिएको देखिन्छ।

एलजिसिडिपी (२०१३)का अनुसार, *'अन्य प्रासङ्गिक कानुन तथा नीतिअनुरूप स्थानीय प्रशासनमा राम्रा अभ्यासहरू परिचित गराउन'* एलजिसिडिपीले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सहयोग गर्दैआएको छ। यद्यपि,

स्थानीय प्रशासन तथा सामुदायिक संघसंगठनको क्षमता निर्माणमा अपेक्षित सफलता मिलेको देखिँदैन ।

एलजिसिडिपी कार्यक्रम अन्तर्गत खानेपानी सेवाप्रवाहमा सामुदायिक सहभागिता, खानेपानी सेवाप्रवाह र जवाफदेहितामा प्रभाव राख्नेगरी समुदायको क्षमतामा भएको परिवर्तन र खानेपानी बाहेक अन्य सेवाको प्रवाह र जवाफदेहितामा प्रभाव राख्नेगरी समुदायको क्षमतामा भएको परिवर्तनलाई स्थानीय प्रशासनका प्रमुख तीनपक्षका रूपमा यस खण्डको बाँकी अंशमा प्रस्तुत गरिएको छ ।

### ४.२.१ एलजिसिडिपी कार्यक्रम अर्न्तगत खानेपानी सेवाप्रवाहमा सामुदायिक सहभागिता

यस अध्ययनमा उपलब्ध प्रमाणहरूले संकेत गरेअनुरूप, खानेपानी सेवाप्रवाहमा सहभागी हुन समुदायको व्यापक तत्परता देखिन्छ तर क्षमताको सीमितताका कारण प्रभावकारीरूपमा सहभागी हुन सकेको देखिँदैन । समुदायको सहभागिताको सन्दर्भमा विशेष दुई आयामहरू देखिन्छन् । पहिलो आयाम श्रमदान तथा आर्थिक सहायता गरेर सहभागी हुने प्रक्रियाकारूपमा देखिन्छ भने दोस्रो आयाम अन्तर्गत व्यवस्थापनका पक्षहरूमा सहभागी हुने गरेको देखिन्छ ।

माथि प्रस्तुत खण्डहरूमा जस्तै धेरैजसो आर्थिक सहायता गरेर सहभागी हुनेकुरा सहभागिताको सन्दर्भमा अगाडि देखिन्छ, तर समुदायले गरेको श्रमदान (मूल्यमा रुपान्तरण गर्दा) मात्रैपनि खानेपानी कार्यक्रमको ४० प्रतिशत भन्दा बढी लागत योगदान ठहर्छ । त्यसैलेपनि समुदायको श्रमदान महत्वपूर्ण देखिन्छ । देवीथाने खानेपानी कार्यक्रमको निर्माण चल्दैगर्दा समुदायका प्रत्येक घरधुरीले ५ दिन श्रमदान गरेकाथिए (श्रमदान नगर्ने घरधुरीबाट प्रतिदिन २ सय रुपैयाँका दरले असुली गरिएको थियो) । खानेपानी योजना सम्पन्न भएपश्चातपनि आवश्यक पर्दा समुदायका मानिसहरूले श्रमदान गर्दैआएका छन् । खानेपानीको गुणस्तरीयता कायम राख्ने तथा अवलोकन गर्ने संयन्त्र कमजोर देखिन्छ । खानेपानी कार्यक्रमको सरसफाइ तथा मर्मत संहारको कुनै तालिका नभएपनि अध्ययन गरिएका *'३ वटै खानेपानी कार्यक्रमका उपभोक्ताहरू बर्षमा ५-६ पटकसम्म खानेपानीको मुहान तथा मुख्य ट्याङ्की सरसफाइ गर्न जान्छन्'* (उत्तरदाता ४/एम/बी/बिए) । खानेपानीको मुहान तथा मुख्य ट्याङ्की सरसफाइ गर्नजानेमध्ये घरधनीहरूमात्र नभई अन्य पनि रहेकाछन् । *'हामी भाडामा बस्ने गरेको भएपनि आवश्यक पर्दा खानेपानी कार्यक्रमको मर्मत तथा मुहान सरसफाइमा हामीपनि योगदान गरिरहेका छौं'* (उत्तरदाता ८/एफ/बी/बिए) । आफूहरूले योगदान गर्दैआएपनि नगरपालिकाले आफूहरूजस्तै (बसाइँसरी आएका) परिवारहरूका मागहरूको सम्बोधन गर्न नसकेको उनको गुनासो छ । बसाइँसरी आएकाहरूपनि स्थानीय विकासमा सहभागी हुन, योगदान गर्न र पैसा तिरेर सेवा लिन इच्चुक रहेको उनको टिप्पणी रहेको छ । नगरपालिका कार्यालयले सेवाप्रदायकको हैसियतमा यस्ता सवालहरूको सम्बोधन गरी खानेपानीको समावेशी वितरण गर्न पूर्ण सक्षम भएको देखिँदैन ।

यसप्रकार, सहभागिता तथा समावेशिता संलग्न व्यक्तिहरूको संख्याले मात्र पुष्टि गर्दैन भन्ने देखिन्छ । किनकि सहभागिता तथा समावेशिताको पूर्ण कार्यान्वयनकालागि समुदायका अन्य विविध व्यक्ति तथा चरित्रहरूको पनि सहभागिता उत्तिकै आवश्यक हुन्छ । महिला, दलित र अन्य सीमान्तीकृत व्यक्ति तथा समुदायलाई पनि समेट्ने र उनीहरूको आवाजलाई महत्वपूर्ण ठाउँ दिएको अवस्थामा मात्रा समतामूलक तथा सहभागितामूलक विकासले अर्थ राख्छ ।

स्थानीय विकासमा सामुदायिक सहभागिता अभिवृद्धि गर्न एलजिसिडिपी कार्यक्रम लागू भए लगत्तै स्थानीय स्तरमा सामाजिक परिचालक तोक्ने, वडा नागरिक मञ्च र सार्वजनिक सचेतना केन्द्रहरूको स्थापना भएको भएतापनि *' तोकिएका व्यक्ति, मञ्च तथा केन्द्रहरूले गरेका निर्णयहरू सेवाप्रदायकले पालना नगर्दा यी संयन्त्रहरू पनि प्रभावकारी हुनसकेका छैनन्'* (उत्तरदाता २१/एम/बी/बिए) । यस्तो अवस्थाले विकासमा समुदायको सहभागितालाई दुरुत्साहित गरेको देखिन्छ । सहभागितालाई प्रोत्साहन गर्न जहाँजहाँ सम्बन्धित निकायहरू सक्रिय छन् त्यहाँपनि सीमान्तीकृत व्यक्ति तथा समुदायको पूर्ण सहभागिता हुनुपर्ने सवाल अझैपनि कायमै छ । उदाहरणकालागि, केही उत्तरदाताहरूले उल्लेख गरेकाछन् कि *'आजभोलि महिलाहरूपनि सार्वजनिक मञ्चमा आफ्ना चासोका विषयहरू राखिरहेकाछन्'*

(उत्तरदाता ९/एफ/बी/बिए) । यद्यपि, खानेपानी सेवाबारेका छलफल, सार्वजनिक सुनुवाइ तथा योजना तर्जुमा आदि सवालमा महिलाहरूको सामान्यतया सहभागिता कमजोर रहेको देखिन्छ । महिलाहरूको सहभागिता अझैपनि पदीय प्रतिनिधित्वको जस्तो मात्र देखिएको छ । उत्तरदाता ९/एफ/बी/बिए भन्छिन्, *'म आफू पनि खानेपानी व्यवस्थापन समितिले आयोजना गरेका अनौपचारिक वैठकहरूमा भाग लिएकी छु । महिला सहभागीहरूले सहभागिताको नाम धान्नकालागिमात्र सहभागी हुनुपरेको छ । उनीहरूको भूमिका र जिम्मेवारीलाई महत्व दिइएको पाइँदैन । त्यसैले उनीहरूको प्रतिनिधित्व नै नक्कली प्रकारको देखिन्छ ।'* अध्ययनका क्रममा अवलोकन गर्दा महिलाहरूको मात्र नभएर दलितहरूको सवालमा पनि सहभागिताको अवस्था यस्तै प्रकृतिको देखियो । विभिन्न सामाजिक चरित्रको प्रतिनिधित्व गर्ने प्रतिनिधिहरूले पनि उनीहरूका आफ्ना विषय उठान गर्नुपर्ने कुराहरूमा पनि राजनीतिक दलका निर्णय तथा सुझावहरूबाट निर्देशित हुनुपरेको देखिन्छ ।

### ४.२.२ खानेपानी सेवाप्रवाह र जवाफदेहितामा प्रभाव राख्नेगरी समुदायको क्षमतामा भएको परिवर्तन

अध्ययन गरिएका ३ वटै खानेपानी कार्यक्रमहरूको स्वामित्व नगरपालिका कार्यालय (स्थानीय सरकार)सँग रहेको छ । यही सन्दर्भमा खानेपानी सेवा प्रवाहको अवस्थालाई हेर्दा स्थानीय सरकारको प्रस्तुतिप्रति आममानिसको दृष्टिकोण साधारणतया नकारात्मक देखिन्छ, जबकि सुख्खा क्षेत्रमा बस्नेहरूको दृष्टिकोण तुलनात्मकरूपमा 'अझबढी नकारात्मक' (उत्तरदाता १३/एफ/जे/डी र उत्तरदाता ७/एम/बी/बियू) देखिएको छ । अर्का एकजना उत्तरदाता ३/एम/डी/बिए थप्छन् :

> *मैले यहाँका सुख्खा ठाउँहरूमा बस्ने केही घरधुरीहरू देखेको छु । नगरपालिकाले सेवाप्रवाहमा उनीहरूप्रति पूर्वाग्रह देखाएको उनीहरूको गुनासो सुनेको छु । मैले अवलोकन गरेअनुसार, यही कारण उनीहरूको राज्यप्रतिको अवधारणा नै सकारात्मक हुनसकेको छैन । तर, मैले व्यक्तिगतरूपमा भन्नुपर्दा, अत्यन्तै खर्चिलो हुने भएकाले त्यहाँका घरधुरीहरूसम्म खानेपानी सेवाप्रवाहकालागि नगरपालिका कार्यालयले आर्थिक तथा प्राविधिक लगानी गर्न सकिरहेको छैन ।*

उत्तरदाताहरू (४/एम/बी/बिए, २१/एम/बी/बिए र १८/एफ/बी/डी लगायत)ले बताएअनुसार, समुदायमा स्थानीय सरकारको उपयुक्त र पारदर्शी उपस्थिति स्थानीय प्रशासन तथा सेवाप्रवाहमा महत्वपूर्ण कुरा हो । तर अध्ययन क्षेत्रमा आएका गुनासाहरूले समुदायमा स्थानीय सरकारको उपयुक्त उपस्थिति हुन नसकेको देखाउँछन् । उत्तरदाता १८/एफ/बी/डीका अनुसार, *'राज्य (स्थानीय सरकारलाई इङ्गित गर्दै)ले स्थानीयहरूका मागहरूको सम्बोधन गर्न सकिरहेको छैन । स्थानीय सरकारका सेवाप्रदायकहरूले योजनाहरूबारे स्थानीयहरूलाई इमान्दारीपूर्वक बताउँदैनन् । यसले राज्य र स्थानीयहरू बीच कायम रहेको दूरीलाई संकेत गर्दछ । यसले राज्य र समाजबीचको सम्बन्धमा असर गर्दछ ।'* गुणस्तरीय खानेपानी सेवाप्रवाहमा सेवाप्रदायकको उदासीनता, सेवाका संरचनाहरूको आवश्यक मर्मतमा लगानी कम हुनु र अवैधानिक गतिविधिहरूको जाँचपड्ताल गर्न नसक्नु आदिले स्थानीयहरूको सेवाप्रदायकप्रतिको विश्वासमा असर पुऱ्याएको देखिन्छ । यही सन्दर्भमा उत्तरदाता ३१/एफ/डी/बियू भन्छिन्, 'नगरपालिका कार्यालयले खानेपानी सेवा शुल्क असुल्दै आएको छ र उठेको शुल्कप्रति मख्ख छ' ।

धेरैजसो उत्तरदाताहरूले नगरपालिकाले खानेपानी व्यवस्थापनमा कम र मासिक शुल्क असुलीमा धेरै ध्यान दिएको गुनासो गरेकाछन् । कि त नगरपालिकाले खानेपानी तथा सरसफाइ सेवाप्रवाहको सर्न्दभमा जवाफदेही भएर लाग्नुपर्छ कि त सम्बन्धित खानेपानी व्यवस्थापन समितिहरूलाई कार्यक्रमको जिम्मेवारी सुम्पनुपर्छ भन्नेमा अधिकांश उत्तरदाताहरू एकमुख देखिन्छन् । केही उत्तरदाताहरू (उत्तरदाता १४/एम/बी/डी लगायत अन्य)लाई उनीहरूको खानेपानी व्यवस्थापन समिति आफ्नो क्षेत्रमा भएका खानेपानी कार्यक्रम प्रभावकारीतवरले संचालन गर्न सक्षम छ भन्ने लाग्छ । खानेपानी व्यवस्थापन समितिलाई स्वामित्व हस्तान्तरण गर्नेहो भने स्थानीयहरूले कार्यक्रमलाई आफ्नै हो भन्ने महसुस गर्ने र

अझ्धैरै योगदान गर्न इच्छुक हुने उनीहरूको धारणा रहेको छ । यद्यपि, माथि उल्लेखित केही प्रमाणहरूमा आधारित भएर हेर्दा खानेपानी व्यवस्थापन समितिले कार्यक्रमहरूमा उल्लेखनीय योगदान गरेको भएतापनि समितिहरू स्वयंको आफैँमा संगठित हुन र काम गर्न आवश्यक क्षमताको अभाव देखिन्छ । किनभने, खानेपानी व्यवस्थापन समितिमा संलग्नहरूको क्षमता निर्माण गर्ने, प्राविधिक तथा व्यवस्थापकीय दक्षता अभिवृद्धि गर्नेजस्ता कामहरू अत्यन्तै कम भएका छन् ।यही अवस्थाको मूल्याङ्कन गर्दै उत्तरदाता २/एफ/जे/बियू भन्छिन्, *'जबसम्म समितिहरूको सीप तथा दक्षता अभिवृद्धि गरिँदैन, जवसम्म समितिहरूको व्यवस्थापकीय क्षमता निर्माण गरिँदैन, तबसम्म खानेपानी व्यवस्थापन समितिहरूले खानेपानी कार्यक्रम संचालन गर्नसक्दैनन्'* ।

खानेपानी व्यवस्थापन समितिको सन्र्दभमा विविध पक्षहरूबारे खण्ड ५.१ मा चर्चा गरिएको छ, तैपनि उत्तरदाताहरूले गुणस्तरीय खानेपानी सेवाप्रवाहमा सेवाप्रदायकलाई जवाफदेही बनाउन समुदायको क्षमताकाबारेमा भनेका कुराहरू यहाँपनि उल्लेखनीय देखिन्छन् । धेरैजसो उत्तरदाताहरूले नगरपालिका कार्यालय र समुदायको सम्बन्ध मजबुत नभएको गुनासो गरेकाछन् । विषेशगरी नगरपालिका कार्यालयले खानेपानी सेवाप्रदायकको हैसियतले निर्णय गर्दा स्थानीयहरूको आवश्यक सल्लाह नलिएको र सम्बन्धित सूचनाहरू पनि कमै सार्वजनिक गरेको उत्तरदाताहरूको गुनासो रहेको छ । स्थानीयहरूका सम्भावित प्रश्नहरूको उत्तर दिइरहनुपर्ने झन्झटकै कारण विगतमा सार्वजनिक सुनुवाइको कार्यक्रम दुर्गम वडामा गरिएको र समुदायका सबैलाई पूर्ण जानकारी पनि नगराइएको गुनासो गर्छन् स्थानीयहरू । उत्तरदाता ६/एफ/जे/बिएका अनुसार, नगरपालिका कार्यालयले खानेपानी सेवाका सवालमा *'के कति बजेट वितरण भयो र के कति खर्च भयो भन्ने बारेमा पूर्ण र विस्तृत जानकारी दिएको छैन'* । यस्ता गतिविधिले नागरिकको सूचनाको हक, पारदर्शिता र समुदायको क्षमता निर्माण गर्ने कुराको सुनिश्चितता हुँदैन ।

स्थानीयस्तरमा सेवाप्रदायकहरू त्यत्ति जवाफदेही बन्न सकिरहेका छैनन भन्ने गुनासो दोहोर्‍याउँछिन् उत्तरदाता ६/एफ/जे/बियू । *'सेवा प्रदायकले जहिलेपनि सूचनालाई सवैले देख्न गरी राख्नुपर्दछ, समुदायका सवैलाई जानकारी गराएर सामाजिक आवाज वा भावनाको परीक्षण तथा सार्वजनिक सुनुवाइलाई प्रभावकारीतवरले संचालन गर्नुपर्दछ'* । यी त भए स्थानीयहरूले सेवाप्रदायकलाई लक्षित गरी राखेका उनीहरूका गुनासा, तर अध्ययनले पत्तालगाए अनुसार, समुदायका मानिसहरू स्वयंपनि नगरपालिकाले तोकेका कार्यक्रम तथा प्रावधानहरूबारे जानकार हुन कमै सक्रिय रहेको देखिन्छ।

### ४.२.३ खानेपानी बाहेक अन्य सेवाको प्रवाह र जवाफदेहितामा प्रभाव राख्नेगरी समुदायको क्षमतामा भएको परिवर्तन

राजनीतिक संलग्नतालाई छाडेर हेर्ने हो भने स्थानीय तहमा हुने नीति निर्माण र विकास प्रक्रियामा समुदायको सहभागिता मजबुत बनाउन एलजिसिडिपीले महत्वपूर्ण योगदान गरेको छ । अनौपचारिक किसिमका नै किन नहुन, अध्ययन क्षेत्रमा नगरपालिका कार्यालयले खानेपानी व्यवस्थापन समितिहरूको गठन गरेर स्थानीयहरूलाई विचार साट्ने, अरूबाट सिक्ने र अन्य सामुदायिक संस्थाहरू जस्तै वन उपभोक्ता समूह, सिंचाइ उपभोक्ता समूह, आमा समूह, टोल सुधार समूह आदिमा सहभागी हुन प्रेरित गर्ने साझा मञ्च तयार गरेको छ । उत्तरदाताहरूका धारणालाई नै आधार मान्ने हो भने पनि खानेपानी व्यवस्थापन समितिको गठन हुनुले समुदायको क्षमता निर्माण भएको छ जसका कारण उनीहरू अन्य सामुदायिक मञ्चहरूमा सहभागी हुन र सम्बन्धित सेवाप्रवाहमा प्रभाव राख्न उत्प्रेरित गरेको देखिन्छ ।

गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवाप्रवाहले स्थानीय प्रशासनमा समुदायको बढ्दो क्रमको सहभागिता देखिएको छ । विगतको तुलनामा खानेपानी सेवामा भएको सुधारले समुदायका मानिसहरूलाई पानी खेप्न लाग्ने समयमा कटौती गरी अन्य सामाजिक गतिविधिहरूमा सहभागी हुनकालागि समयको वचत गर्न सहयोग पुगेको देखिन्छ । खानेपानी खेप्ने मुख्य जिम्मेवारी महिलाहरूले पूरा गर्नुपर्ने अवस्था रहेको नेपालमा सुधारिएको खानेपानी आपूर्ति व्यवस्थाले महिलाहरूको पक्षमा सकारात्मक भूमिका निभाएको देखिन्छ । यद्यपि, उपलब्ध प्रमाणहरू पर्याप्त नभएकाले सुधारिएको

खानेपानी व्यवस्थापनले समाजका अन्य विविध व्यक्ति तथा चरित्रहरूको उत्थानमा के कति योगदान पुऱ्यायो भन्नेबारे तत्काल निष्कर्ष निकाल्न सकिँदैन ।

उत्तरदाताहरूले बताएअनुसार, स्थानीय प्रसासनमा सहभागिताको प्रक्रियाले राम्रा प्रभावहरू देखाएको छ। अझ खानेपानी व्यवस्थापन समितिमा महिलाहरूको सहभागिताले उनीहरूलाई अरू महिला–मैत्री संगठन तथा कार्यक्रमहरूमा सहभागी हुन उत्प्रेरित गरेको छ । उत्तरदाता ६/एफ/जे/बिए दाबी गर्छिन् :

> *खानेपानी व्यवस्थापन समितिमा समुदायको सहभागिताले समुदायको हितमा हुने कार्यक्रममा जुट्न समुदायका मानिसलाई प्रेरणा प्रदान गरिरहेको छ । महिलाहरूको सहभागिताको सन्दर्भमा, मैले भन्नै पर्छ, सहभागिताले अन्य सामुदायिक संस्थामा लाग्न उत्प्रेरित गरेको छ (म उत्प्रेरित छु) । हामीले हाम्रो समुदायमा आमा समूह र सहकारी खोलेकाछौं जसले हाम्रो समुदायमा महिलाहरूको हितको सवालमा काम गर्छन् । समावेशिताको नीति कार्यान्वयन हुन थालेपछि विगतको तुलनामा वन उपभोक्ता समूह, विद्यालय व्यवस्थापन समिति लगायत अन्य सामाजिक संस्थाहरूमा महिलाहरूको सहभागिता बढ्दै गएको छ ।*

उत्तरदाता १/एफ/सी/बिए स्थानीय स्तरमा हुने विकास प्रक्रिया र त्यसमा समुदायको सहभागिताको सवालबारे जानकार महिला हुन् । उनी सामुदायिक बैठकहरू, सार्वजनिक सुनुवाइ, खानेपानी व्यवस्थापन समितिका बैठक आदिमा प्रायजसो सहभागी हुन्छन् । यस्ता बैठक तथा छलफलहरूमा पटकपटक सहभागी भएकाले उनलाई सार्वजनिक स्थानमा बोल्ने, सिकेको ज्ञान बाँड्ने तथा विचारहरू सुनाउने आफ्नो क्षमता बढेको छ भन्ने लाग्छ । विकास प्रक्रियामा सहभागी हुन स्थानीयलाई प्रोत्साहन तथा सशक्तीकरण गर्नाले उनीहरूको जीविकोपार्जन गुणस्तरीय हुन्छ नै, साथै यसले 'विकासलाई दिगो बनाउने आधार'को काम गर्दछ र 'विकास आयोजनाहरूको मर्मत तथा संचालनमा समुदायको सहभागिताले सहज तरिकाले ृखानेपानी सेवालाई गुणस्तरीय बनाउन तथा सेवा विस्तार गर्न सहयोग पुऱ्याउँछ । (राउटानेन लगायत अन्य, २०१४) ।

खानेपानी व्यवस्थापन समितिमा महिलाहरूको सहभागिता देखेपछि र उनीहरूले सार्वजनिक महत्वका विषयमा सार्वजनिक मञ्चहरूमा आफ्ना भनाइहरू राख्ने क्षमतामा बढोत्तरी भएको अवलोकन गरेपश्चात उत्तरदाता १३/एफ/जे/डी पनि निकै प्रभावित भएकी थिइन् । त्यसैले, उनीपनि आमा समूहमा सहभागी हुनथालिन् र ढुक्कसँग बोल्ने आफ्नो बानीको विकास भएको अनुभव गर्न थालिन् । यद्यपि, सहभागिताको सवालमा अझैपनि केही कठिनाइहरू कायमै छन्, उनी थप्छिन्ः 'आफैँमा संगठित हुने र काम गर्ने मेरो व्यक्तिगत क्षमता त निर्माण भएको छ, तर व्यक्तिको मात्र क्षमता निर्माण भएर कुनैपनि सामुदायिक कार्यक्रमहरू सफल हुँदैनन् किनकि संस्थागत क्षमता निर्माण हुनु बढी महत्वपूर्ण हुन्छ' ।

## ५ छलफल तथा विश्लेषण

### ५.१ एलजिसिडिपीका बारेमा हाल उपलब्ध सामग्री तथा विषयवस्तुसँग यस अध्ययनको प्रासंगिकता

एलजिसिडिपीको मुख्य लक्ष्य 'समावेशी, उत्तरदायी तथा जवाफदेही स्थानीय प्रशासन र समुदायले नेतृत्वगरेको सहभागितामूलक विकासबाट गरिबी न्यूनीकरण'[७]मा योगदान पुऱ्याउनु रहेको छ । यस किसिमको विकास प्रक्रियामा महिला, दलित, आदिवासी/जनजाति, मधेशी, मुस्लिम लगायत समाजमा विभिन्न हिसाबले पछाडि परेका व्यक्ति तथा चरित्रहरूको समावेशीकरणलाई महत्व दिइन्छ । माथिका खण्डहरूमा प्रस्तुत प्रमाणहरूका आधारमा एलजिसिडिपी कार्यक्रमका लक्ष्य तथा अरू प्रासंगिक पक्षबारेको छलफललाई यस उपखण्डमा प्रस्तुत गरिएको छ । एलजिसिडिपीका

[७] थप जानकारी http://lgcdp.gov.np/phase1/home/pdf/Planning%20&%20Decision%20Making%20Guidelines%20Submitted%20by%20Man%20(English).pdfमा हेर्नुहोस् ।

दस्तावेजहरूमा 'उत्तरदायी तथा जवाफदेही स्थानीय प्रशासन' समाहित गरिएको हुनाले यस खण्डमा समावेशीकरणको हद तथा सहभागिताको प्रकृतिउपर छलफल तथा विश्लेषण गरिएको छ ।

यस अध्ययनले पत्ता लगाएअनुसार, समावेशीकरणको प्रक्रिया र यसको कार्यान्वयन प्रक्रियाको व्यवहारिकतालाई हेर्दा विभिन्न सामाजिक चरित्रका व्यक्तिहरूको सहभागिता हुने भनिएको विकास प्रक्रियालाई साधारणतया राजनीतिक प्रतिनिधित्वले नियन्त्रण गरेको देखिन्छ । उदाहरणकालागि, महिला, दलित लगायत अन्य सीमान्तीकृत व्यक्ति तथा समुदायको सहभागिताको सवाललाई उनीहरूको स्थानीय दलसँगको निकटतासँग जोडेर अगाडि बढाइएको पाइन्छ । यसप्रकार, समाजले नेतृत्व गरेको समावेशी तथा सहभागितामूलक विकासको सन्दर्भलाई नजरअन्दाज गर्दै उनीहरूको सहभागितामा विभिन्न हिसाबले राजनीतिक प्रभाव रहेको देखिन्छ ।

यद्यपि, एलजिसिडिपीका कार्यक्रममा निहित स्थानीय प्रशासन सम्बन्धी उद्देश्यहरू पूर्णतया अपूरा रहे भन्नु न्यायोचित देखिँदैन । खानेपानी व्यवस्थापनको सवालमा स्थानीयहरूको सहभागिता, ज्ञान र आत्मविश्वास जस्ता पक्षहरूलाई मजबुत पार्न एलजिसिडिपी सक्षम भएको देखिन्छ । संस्थागत क्षमता अभिवृद्धिको सन्दर्भमा भन्नुपर्दा एलजिसिडिपीले नगरपालिकालाई आर्थिक तथा प्राविधिक सहयोग गरेर नगरपालिका प्रशासन तथा कर्मचारीतन्त्रको सेवाप्रवाह गर्ने क्षमतामा सुधार गरेको देखिन्छ । प्रणालीगत क्षमता अभिवृद्धिको सन्दर्भलाई हेर्ने हो भने एलजिसिडिपीको सहयोग तथा सहकार्यले राज्य तथा समाजको सम्बन्ध सकारात्मक दिशामा अगाडि बढ्दै गएको देखिन्छ । यी परिवर्तनहरू सकारात्मक हुन् र यी प्रमाणहरूले एलजिसिडिपीले तय गरेका उदेश्यहरूआंशिकरूपमा प्राप्त भएको देखाउँछन् ।

*'स्थानीय नागरिक तथा सामुदायिक संस्थाहरूको प्रत्यक्ष संलग्नतामा स्थानीय संसाधन, दक्षता र प्रविधिलाई परिचालन'* (एलजिसिडिपी, २००८) गरेर स्थानीयस्तरमा समावेशी किसिमको विकास गर्ने एलजिसिडिपीको ध्येय महत्वपूर्ण देखिन्छ । थानीयस्तरका खानेपानी कार्यक्रमहरूको गुणस्तरीयता वृद्धि गर्न स्थानीय मानिसले गरेको श्रमदानको सन्दर्भ एउटा राम्रो उदाहरण हो । स्थानीय प्रशासन र सेवा प्रवाहबारेका छलफलहरूमा प्रस्तुत हुने गरेकोभन्दा मजबुत तर अलिक अस्पष्ट किसिमको सम्बन्ध सेवाप्रदायक र सेवाग्राही बीच कायम भएको अध्ययनले देखाउँछ । सेवाप्रवाहमा भएको सुधारलाई पूर्णतया 'सु –शासन'ले गर्दा भएको हो भन्ने अर्थ लाग्दैन, किनभने उपभोक्ताहरूका विद्यमान आवश्यकता र मागहरूप्रति सेवाप्रदायकको जवाफदेहिता कायम हुन अझ धेरै काम बाँकी नै देखिन्छ ।

खानेपानी तथा सरसफाइका सेवाहरूमा केही सुधार भएको भएतापनि अध्ययन क्षेत्रका बासिन्दाहरूका खानेपानीसँग जोडिएका अन्य समस्याहरू कायमै छन् । त्यसैले स्थानीयहरू सेवाप्रदायकको प्रदर्शनप्रति खासै सन्तुष्ट छैनन् । वडा नागरिक मञ्च लगायतमा हुने भेलाहरूमा स्थानीयले आफ्ना गुनासाहरू राख्दै आएको भएतापनि स्थानीय स्तरमा निर्वाचित प्रतिनिधिहरू नभएको अवस्थाले गर्दा पनि नगरपालिकाले सेवाप्रदायकको हिसाबले पूर्ण जवाफदेहिता पालना गर्न नसकिरहेको देखिन्छ । नगरपालिका कार्यालयमा पदपूर्ति गर्ने सवालमा राजनीतिक प्रभाव मुख्य देखिएको गुनासो गर्छन् उत्तरदाता १२/एम/बी/बियू । उनको गुनासो छ, राजनीतिक प्रभावकै कारणपनि नगरपालिकामा आवश्यकभन्दा बढी कर्मचारीहरू लिइन्छ तर बारम्बारका गुनासा तथा अनुरोधको बाबजुद पनि खानेपानी आयोजनाहरूको मर्मतकालागि पछिल्ला वर्षहरूमा बजेट वितरण भएको छैन । सेवाप्रदायकले 'सेवा शुल्क असुली त गर्छ तर सेवालाई थप गुणस्तरीय बनाउन लगानी गरिरहेको छैन, यो न्यायपूर्ण भएन' (उत्तरदाता १२/एम/बी/बियू) । यस्तैखालको गुनासो उत्तरदाता ३/एम/डी/बिएको पनि रहेको छ, उनी भन्छन्: *'हामीले लगातार ३ बर्षदेखि पाइपलाइन फेर्नेबारेमा नगरपालिका कार्यालयमा गुनासो राख्दै आयौं, तर, पाइपलाइनका लागि बजेट नभएको जिकिर गर्दै आएको छ नगरपालिका कार्यालयले । कि त सम्बन्धित कर्मचारीहरूको नियत नै खराब हुनुपर्छ, नत्र उनीहरूको अन्य क्षेत्रमा विकासको प्राथमिकता तय भएको हुनुपर्छ । यो विषयमा स्थानीयहरूले पारदर्शिता देखेकाछैनन्'* । त्यसैले स्थानीय प्रशासन जवाफदेही हुनसकेको छैन भन्ने अधिकांश स्थानीयहरूको दृष्टिकोण रहेको छ ।

शुल्क असुलीको सवालमा उत्तरदाताहरूले सेवाप्रदायका केही खराब प्रवृत्तिहरूकाबारेमा पनि उल्लेख गरेकाछन् । उदाहरणकालागि, उत्तरदाता ९/एफ/बी/बिए भन्छिन्, *'कहिलेकाहीँ सेवा शुल्क तिरेपछि फिर्ता पाउनुपर्ने रकम सेवाप्रदायकले फिर्ता गर्दैन'* । फिर्ता गर्नुपर्ने रकम प्राय थोरै नै हुनेभएपनि यसले भ्रष्टाचारबारे आममानिसको अवधारणामा प्रभाव पारेको देखिन्छ । शक्ति तथा सहुलियतको सवाल नै केन्द्रमा रहने हुनाले एलजिसिडिपीको सहायता प्राप्त खानेपानी कार्यक्रमहरूमा पनि नगरपालिकाको एकल स्वामित्वको छ जसकाकारण आशागरेअनुरूप समुदायको प्रभावकारी संलग्नता हुन नसकेको गुनासो छ वहुमत उत्तरदाताहरूको । त्यसैले अझैसम्मपनि खानेपानी व्यवस्थापन समिति तथा उपभोक्ता समिति आधिकारिकरूपमा दर्ता हुन सकेकाछैनन् ।

बहुसंख्यक उत्तरदाताहरू नगरपालिका कार्यालयले प्रत्येक वडामा खानेपानी व्यवस्थापनकालागि आधिकारिक व्यवस्थापन समिति गठन गर्नुपर्छ भन्ने पक्षमा देखिन्छन् । आधिकारिक व्यवस्थापन समितिले खानेपानी कार्यक्रमहरूको उचित व्यवस्थापन तथा अवलोकन गर्नसक्ने उनीहरूको दाबी रहेको छ । यस्तो समितिले खानेपानी चुहावट हुने ठाउँहरू पत्ता लगाउने र मर्मत गर्ने तथा घरधुरीहरूले मिटर हटाए/नहटाएको वा बिगारे/नबिगारेको बारेमा जाँचपड्ताल गर्नसक्छ । खानेपानी व्यवस्थापन समितिको दर्ता प्रक्रियालाई आधिकारिकरूपमा अगाडि बढाउँदा आफूले सेवा शुल्क असुली गर्न नपाउने भएकाले नगरपालिका कार्यालयले समितिहरूको दर्ता प्रक्रियामा असहयोग गर्दैआएको गुनासो छ विद्यमान खानेपानी व्यवस्थापन समितिका सदस्यहरूको । उत्तरदाता ८/एफ/बी/बिएले दाबी गरेअनुसार, यदि खानेपानी व्यवस्थापन समितिलाई भालुबासे (अट्ठारबेसी) खानेपानी कार्यक्रमको स्वामित्व हस्तान्तरण गर्नेहो भने खानेपानी व्यवस्थापनको प्रभावकारितामा बढोत्तरी हुनेथियो । आधिकारिक र स्वायत्त निकायकोरूपमा दर्ता नभएका हुनाले हालका समितिहरूले सेवा शुल्क असुली गर्न र संकलित रकम खानेपानी कार्यक्रमको मर्मतमा खर्च गर्नपनि पाउँदैनन् । यो अवस्थाकै कारण, उत्तरदाता ८/एफ/बी/बिएले बताएअनुसार, समुदायका मानिसहरू'नगरपालिकाको स्वामित्वमा रहेको भालुबासे (अट्ठारबेसी) खानेपानी कार्यक्रमको गुणस्तरीयता सुधार गर्न सक्रियरूपमा सहभागी हुन चाहँदैनन्' ।

खानेपानी कार्यक्रमको स्वामित्वको सवालमा उत्तरदाताहरूको मत विभाजित देखिन्छ । केही उत्तरदाताहरू नगरपालिकाले खानेपानी व्यवस्थापन समितिको दर्ताप्रक्रियाको बाटो खोलिदिनुपर्ने र स्वामित्व हस्तान्तरण गर्नुपर्ने बताउँछन् । उत्तरदाता १४/एम/बी/डी लगायतका केही उत्तरदाताहरू'हालको अवस्थामा खानेपानी कार्यक्रमहरूलाई प्रभावकारीरूपमा संचालन गर्न न त नगरपालिका कार्यालय न त खानेपानी व्यवस्थापन समितिको एकल क्षमता नै पर्याप्त छ' भन्ने पक्षमा देखिन्छन् । यसप्रकार हेर्दा, नगरपालिका कार्यालय र समुदायका बीचमा सहभागितामूलक सहकार्यको आवश्यकता रहेको देखिन्छ । बहुमत उत्तरदाताहरूले उनीहरू संलग्न खानेपानी व्यवस्थापन समितिले नगरपालिकाले भन्दा राम्रोसँग खानेपानी कार्यक्रम संचालन गर्नसक्ने दाबी गरेकाछन् । खानेपानी कार्यक्रम प्रभावकारीरूपमा संचालन गर्न नगरपालिका वा व्यवस्थापन समित को चाहिँ बढी सक्षम छ भन्ने प्रश्नमा १ जनाले मात्र नगरपालिका सक्षम छ भन्ने मत व्यक्त गरे । यसैगरी, ९ जना उत्तरदाताहरूले कुनैपनि निकाय सक्षम छैन वा थाहा छैन भन्ने मत व्यक्त गरे ।बहुमत उत्तरदाताहरूले खानेपानी व्यवस्थापन समितिहरू नै सक्षम छन् भन्नुको एउटा प्रमुख कारण उनीहरूको समितिमा भएको सहभागिता हुनसक्छ । यो छलफललाई यहीँ छाडेर समुदायको क्षमतामा भएको विकासमा केन्द्रित हुने हो भने, उत्तरदाताका अभिव्यक्तिहरूले समुदायको 'आफैँमा संगठित हुने र काम गर्ने' निश्चित क्षमतामा सुधार भएको देखिन्छ ।

अपेक्षा गरिएका विविध नतिजाहरू मध्ये 'समावेशी तथा समतामूलक आधारभूत सेवा प्रवाह गर्ने' (एलजिसिडिपी, २००८) भन्ने सन्दर्भमा इलाम नगरपालिकामा खानेपानी सेवा प्रवाहको क्षेत्रमा आंशिक सफलतामात्र मिलेको देखिन्छ । नगरपालिका कार्यालयमा आवश्यकता भन्दा बढी पदपूर्ति भएको (उत्तरदाताहरूको दाबी) भएतापनि खानेपानी सेवाको असमान वितरणलाई हस्तक्षेप गरी समतामूलक वितरण प्रक्रिया अपनाउन नसकेको देखिन्छ । एलजिसिडिपी अन्तर्गत केन्द्र सरकारले 'क्षमता अभिवृद्धि' शीर्षकमा विनियोजन गर्ने बजेटलाई नगरपालिका कार्यालयले आफ्नोलागि मात्र प्रयोग गरेको गुनासो छ केही उत्तरदाताहरूको । नगरपालिकाले प्रायजसो उक्त शीर्षकको बजेटअन्तर्गत कर्मचारी

नियूक्ति मात्र गरेको उनीहरूको गुनासो छ। यो सन्दर्भमा पूर्व राजनीतिज्ञहरू पनि जवाफदेही हुनसकेका छैनन्, प्रायजसो नगरपालिकामा आफ्नो पक्षका मान्छे नियूक्त गर्न दलका प्रतिनिधिहरू नै लागिपर्ने गरेको स्थानीयहरूको गुनासो रहेकोछ। राजनीतिक दलका प्रतिनिधिहरूले स्थानीय प्रशासन र विकासका सन्दर्भमा संलग्न हुँदापनि 'सेवाको समान वितरण'लाई बिर्सेको बताउँछन् स्थानीयहरू । यस उपखण्डका बाँकी अनुच्छेदहरूमा अध्ययनका नतिजाहरूलाई एलजिसिडिपीले तय गरेका अरू मुख्य तीन पक्षहरूसँग दाँजेर छलफल गरिएको छ।

**पहिलो पक्षः** एलजिसिडिपीको पहिलो पक्ष अन्तर्गत स्थानीय सरकारलाई जवाफदेही बनाउन स्थानीय सरकारमा नागरिक तथा समुदायको सक्रिय संलग्नताभएको हुनुपर्दछ। अध्ययन क्षेत्रमा, विशेषगरी खानेपानी सेवाका क्षेत्रमा, व्यवस्थापन समितिहरूको अनौपचारिक हैसियतका कारण उनीहरूले स्थानीय सरकारलाई अझबढी जवाफदेही बनाउन भूमिका खेल्न नसकेको देखिन्छ। यसैकारण खानेपानी सम्वन्धी स्थानीय आवश्यकताहरू प्रमुख प्राथमिकतामा नपरेको देखिन्छ।

**दोस्रो पक्षः** एलजिसिडिपीको दोस्रो पक्षमा 'संसाधनको व्यवस्थापन गर्ने र आधारभूत सेवाहरू प्रभावकारीरूपमा प्रवाह गर्न स्थानीय सरकारको क्षमता निर्माण गर्ने' (एलजिसिडिपी, २००८) लक्ष्यलाई समेटिएको छ। एलजिसिडिपीको सहायता प्राप्त गरेपश्चात नगरपालिका कार्यालयले नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरूको संरक्षण तथा व्यवस्थापनमा योगदान पुऱ्याएको देखिन्छ । उक्त सहायतापश्चात नगरपालिका कार्यालयले खानेपानीका संरचनाहरूमा पनि केही सुधार गर्न सकेको देखिन्छ । यद्यपि, खानेपानी कार्यक्रमका संरचना निर्माणमा केही प्राविधिक त्रुटिहरू देखिएकाछन् जसका कारण खानेपानी सेवा अपेक्षा गरेअनुरूप प्रभावकारी हुन सकेका छैनन्। उदाहरणकालागि, अध्ययन गरिएका खानेपानी कार्यक्रमहरूमा मुख्य टयाङ्कीहरूले क्षमताअनुरूप पानि संचय गर्न नसक्ने देखिन्छ। मुख्य पाइपलाइनहरू जीर्ण भएका र मर्मतपनि भरपर्दो किसिमको नभएकाले आवश्यक पानी आपूर्ति गर्न नसकेको देखिन्छ । यद्यपि, एलजिसिडिपीको सहायता प्राप्त भएपश्चात नगरपालिका कार्यालयले (स्थानीय सरकार तथा सेवाप्रदायकको हिसाबले) खानेपानी सेवाप्रवाहमा थप लगानी गरेर आपूर्ति व्यवस्थालाई तुलनात्मकरूपमा सुधार गरेको देखिन्छ।

**तेस्रो पक्षः** एलजिसिडिपी (२००८)का अनुसार, एलजिसिडिपीको तेस्रो पक्ष 'विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासनका हकमा नीति तथा राष्ट्रिय संस्थागत ढाँचा' लाई मजबुत बनाउनु रहेको छ। आइसिएआई (२०१४)का अनुसार, स्थानीय जनप्रतिनिधिविहीन भएको अवस्थामा पनि एलजिसिडिपी मार्फत नेपाल सरकारले वडा मञ्च, नागरिक सचेतना केन्द्र, सामाजिक परिचालक, नागरिक मञ्च आदि गठन गरेर स्थानीय विकास तथा प्रशासनमा प्रतिनिधित्व गर्ने व्यक्ति तथा निकायहरू परिचित गराउन सफल भएको छ। तर, पछिल्ला बर्षहरूमा यी निकायहरूपनि निष्क्रिय छन्, जसका कारण स्थानीयतहमा नीति निर्माण र विकासको सर्न्दभमा समुदायको सहभागिता केही कमजोर भएको देखिन्छ।

जोखिम र प्रतिरक्षाको सवालमा नेपाल सरकारको कार्ययोजनाले भन्छः 'आन्तरिक लेखा परीक्षण प्रणली सुदृढ गरिनेछ र पारदर्शिता कायम गर्नकालागि लेखा परीक्षणको प्रतिवेदन प्रकाशन गरिनेछ' (एलजिसिडिपी, २००८) । अध्ययन क्षेत्रमा, नगरपालिका कार्यालयले लेखापरीक्षणका प्रतिवेदनहरू तयार गर्दैआएको त छ तर तिनमा सार्वजनिक पहुँच सहज हुनसकेको छैन। केही उत्तरदाताहरूले नगरपालिकाले सार्वजनिक सुनुवाइका कार्यक्रम दुर्गम वडाहरूमा गरेको र सवैलाई जानकारी नगराएको गुनासो गरेकाछन्।

स्थानीयस्तरको विकास प्रक्रियामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण गर्न एलजिसिडिपीले महत्वपूर्ण भूमिका खेलेको छ। सरकारको स्थानीय निकायको हैसियतमा स्थानीय विकासमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण गर्न नगरपालिका कार्यालयलाई एलजिसिडिपीको सहायताले पनि सघाएको छ। यस किसिमको सहभागिताले विकासमा महिला तथा अन्य हिसाबले समाजमा पछाडि परेका समुदायहरूको प्रतिनिधित्वलाई सवलीकरण गर्दै आएको छ । स्थानीय विकासमा उनीहरूको सहभागिताले एकातिर पुरुषप्रधान मानसिकतालाई चुनौतीदिएको छ भने अर्कातिर पछाडि परेका वर्ग तथा समुदायका व्यक्तिहरूको नेतृत्व गर्ने क्षमतामा मलजल गरेको छ।

### ५.२ एसएलआरसीले उठाएको विषय तथा प्रस्तुत गरेको सन्दर्भ–सामग्री समीक्षासँग यस अध्ययनको प्रासंगिकता

नेपालमा राजनीतिक संक्रमण र विकासको अवस्था कमजोर भएको सर्न्दभमा अन्तर्राष्ट्रिय नियोगहरूले गर्दैआएको सहायताले राज्यको क्षमता निर्माणमा के कति प्रभाव पऱ्यो भन्ने सवालमा उपयुक्त अध्ययन तथा प्रमाणहरू उपलब्ध नभएको कुरा एसएलआरसीले सन् २०११ मा सरोकारवालाहरूसँग गरेका छलफल तथा सन्दर्भ–सामग्री समीक्षाबाट नै स्पष्ट भएको थियो । स्थानीय सरकारको क्षमता निर्माण मात्रैले पनिव्यक्ति, समुदाय, संस्था, तथा प्रणालीस्तरको क्षमता निर्माण गर्दैन । मलेट लगायत अन्य (२०१४)का अनुसार, विकासकालागि स्थानीय सरकार, सामुदायिक संस्था, व्यक्ति र अन्य धेरै प्रकारका सरोकारवालाहरूको सहकार्यले मात्र सेवाप्रवाहमा जोडिनआउने सबैको संलग्नतालाई प्रमाणित गर्दछ । संस्था, संगठन, नीति र नियमको जटिल जालोअर्न्तगत विभिन्न सर्न्दभहरूमा कसरी सेवाप्रवाह व्यवस्थापन गरिएको छ भन्ने कुरापनि माथि उल्लेखित सरोकारवालाहरूकै सहकार्यले मात्रै प्रमाणित गर्नसक्छ ।

चित्र १ मा प्रस्तुत गरिएको ढाँचा र त्यसमा प्रस्तावित विभिन्न ५ किसिमका क्षमता निर्माणका सर्न्दभहरूमा आधारित भएर यस खण्डमा एलजिसिडिपीको सहकार्यलाई समग्रमा क्षमता निर्माणको विषयसँगको सान्दर्भिकतासँग जोडेर व्याख्या गरिएको छ । यस अध्ययनले पत्ता लगाएअनुसार, महिलाहरूको हकमा, प्रतिनिधित्वले मात्र उनीहरूको सक्रिय सहभागितालाई सुनिश्चित गरेको देखिँदैन । यद्यपि, सामुदायिक संस्थाहरू (जस्तै खानेपानी व्यवस्थापन समिति)मा महिलाहरूको प्रतिनिधित्वले उनीहरूलाई अन्य सामुदायिक संस्थाहरू (जस्तै आमा समूह, वन उपभोक्ता समूह, टोल सुधार समिति र सिँचाइ उपभोक्ता समूह आदि)मा सहभागी हुन प्रेरित गरेको देखिन्छ । यसले महिलाहरूको आफैँमा संगठित हुने र काम गर्ने क्षमतामा तुलनात्मक विकास भएको देखाउँछ । खानेपानी व्यवस्थापन समितिमा कस्तो पदीय दायित्वसहित महिलाहरू सहभागी हुन्छन्, निर्णय लिने सन्दर्भमा उनीहरू कसरी सहभागी छन्, उनीहरूका आवाजहरू प्राथमिकतामा कत्तिको परेकाछन् भन्ने सवालमा अध्ययनले समस्यारहेको संकेत गरेको भएतापनि समितिमा उनीहरूको सहभागिताले उनीहरूलाई आफैँमा संगठित हुने र कामगर्न ऊर्जाप्रदान गरेको अनि अन्य संस्थाहरूमा सहभागी हुन प्रेरित गरेको देखिन्छ । महिलाहरूलाई जस्तै अन्य सामुदायिक व्यक्ति तथा चरित्रहरूको समितिमा भएको सहभागिताले पनि अन्य संस्थाहरूमा सहभागी हुने उनीहरूको क्षमता निर्माणमा सहयोग पुगेको देखिन्छ ।

स्थानीय सामाजिक–राजनीतिक सन्दर्भका कारण आधिकारिकरूपमा दर्ता नभएतापनि माथि उल्लेखित प्रमाणहरूलाई हेर्दा, खानेपानी व्यवस्थापन समिति र समितिका सदस्यहरूको आफैँमा संगठित हुन र काम गर्नसक्षम रहेको देखिन्छ । एलजिसिडिपीको आर्थिक प्राविधिक सहायताका कारण नगरपालिका कार्यालयले खानेपानीका विभिन्न १० वटा कार्यक्रममा लगानी गर्न सक्षम भयो र सेवाप्रदायकको हैसियतमा नगरपालिका कार्यालयको आफैँमा संगठित हुने र कामगर्ने क्षमता निर्माणमा उल्लेखनीय योगदान पुगेको देखिन्छ । इलाम नगरपालिका र एलजिसिडिपीको यो सहकार्यले नगरपालिकामा भएका खानेपानीका स्रोतहरूमा विगतको तुलनामा केही सुधार भएको देखिन्छ र खानेपानीको गुणस्तरीयतामा पनि तुलनात्मक सुधार भएको देखिन्छ । अनौपचारिक नै भएपनि नगरपालिका कार्यालयले खानेपानी व्यवस्थापन समितिहरू गठन गर्न र सामाजिक समावेशीकरणको सवाललाई महत्व दिन सक्षम भएको छ । यसलाई अर्को अर्थमा भन्नुपर्दा, केही राजनीतिक व्यवधानहरू नहुने हो भने इलाम नगरपालिका कार्यालय विकासका परिणामहरू निकाल्न सक्षम छ भन्ने देखिन्छ ।

एलजिसिडिपीबाट सहायता प्राप्त गरेपश्चात पनि विभिन्न सन्दर्भ र कारणहरूले गर्दा नगरपालिका कार्यालय स्थानीय स्तरमा क्षमता निर्माण गर्न पूर्ण सफल भएको भने देखिँदैन । संचालनमा आएका करिब सबै खानेपानी कार्यक्रमहरूमा अनौपचारिक खानेपानी व्यवस्थापन समितिहरू गठन गरिएको भएतापनि सेवाशुल्क असुली बारेको विवाद, सेवाप्रवाहको प्रशासनिक प्रणालीबारेको विवाद आदिका कारण नगरपालिका कार्यालयले खानेपानी व्यवस्थापन समितिहरूसँग पूर्ण 'सहयोगको सम्बन्ध' स्थापित गर्न नसकेको देखिन्छ । यद्यपि, प्राप्त आंशिक सहयोगकै कारणपनि समुदायका

सदस्यहरूले भने एकआपसमा अर्थपूर्ण सम्बन्ध स्थापित गर्न सकेको देखिन्छ । समुदायका सदस्यहरूले एकआपसमा सम्बन्ध स्थापित गरेको तथ्य उनीहरूको अन्य सामुदायिक संस्थाहरू जस्तै आमा समूह, वन उपभोक्ता समूह, टोल सुधार समिति, सिँचाइ उपभोक्ता समूहआदिमा बढ्दै गएको संलग्नताले पनि पुष्टि गर्दछ ।

एलजिसिडिपीको सहायताले स्थानीय स्तरमा सेवाप्रदायकको अनूकूलन तथा नवीकरण गर्ने दीर्घकालीन क्षमता निर्माण गर्नमा कम प्रभाव पार्न सकेको देखिन्छ । एलजिसिडिपीबाट एकचरणको आर्थिक-प्राविधिक सहायता मात्र प्राप्त गरेको नगरपालिका कार्यालयले एकचरणकै लागि गुणस्तरीय खानेपानीका संरचना र आपूर्तिको व्यवस्थामा सुधार गर्न त सकेको थियो, तर यो दीर्घकालीन हुन पर्याप्त भएन । खानेपानी कार्यक्रमहरूका मुख्य पाइपलाइन, रिजर्भायर लगायतका संरचनाहरू मर्मत तथा पुनर्निर्माण गर्नुपर्ने अवस्थामा पुगिसकेका छन् । आवश्यक मर्मतकालागि सेवाप्रदायकको अनूकूलन तथा नवीकरण गर्नसक्ने क्षमता महत्वपूर्ण हुन्छ । दीर्घकालीन गुणस्तरीय खानेपानी सेवाप्रवाहका लागि व्यापक सुधारको आवश्यकता देखिन्छ । सेवाप्रदायकले सम्पूर्ण घरधुरीमा जडित मिटरहरू जाँचगर्न, मर्मत गर्न र सबै उपभोक्ताबाट नियमितरूपमा सेवा शुल्क असुली गर्न पूर्णरूपमा सफल भएको देखिँदैन ।

एसएलआरसीले गरेका अन्य सान्दर्भिक-सामग्रीहरूको समीक्षा र अनुसन्धानहरूसँग पनि यस अध्ययनका नतिजाहरूको सान्दर्भिकताबारे छलफल गर्नु महत्वपूर्ण छ । एसएलआरसीले नेपालका इलाम, वर्दिया र रोल्पा जिल्लामा गरेको प्रथम चरणको लङ्गिच्युड्नल सर्वेक्षणबाट प्राप्त नतिजाअनुसार, करिब'९० प्रतिशत उत्तरदाताहरूले आफूले उपभोग गर्दै आएको खानेपानी सफा र सुरक्षित भएको'(उप्रेती लगायत अन्य, २०१४) बताएका थिए, इलाम जिल्लाको सन्दर्भमा यो आँकडा ९२ दशमलव ३ प्रतिशत रहेको थियो । तर इलाम नगरपालिकामा गरिएको यस क्वालिटेटिभ अध्ययनले पत्तालगाएअनुसार,अधिकांश उत्तरदाताहरूले आफ्नो खानेपानी सफा र सुरक्षित भएको बताएको भएपनि उनीहरूलाई सफा र सुरक्षित पानीको मापक थाहा नभएको र अनुमानका आधारमा उक्त धारणा राखेको देखिन्छ । अधिकांश उत्तरदाताहरूले नै आफूले उपभोग गर्दै आएको खानेपानीको स्वच्छता परीक्षण नभएको र कसैले गुणस्तरीयता पनि सुनिश्चित नगरेको बताएका थिए । उनीहरूको यो कथन उप्रेती लगायत अन्य (२०१४)मा भनिएको, 'खानेपानीका स्रोतहरू नियमितरूपमा सफा गरिएको छैन, त्यैसैले पनि उनीहरूको खानेपानी प्रदूषित र असुरक्षित छ' भन्ने तथ्यसँग सान्दर्भिक देखिन्छ । अझ उत्तरदाताहरूले सुनाएको उदाहरण (जसमा कम दक्ष संचालकले खानेपानी शुद्धीकरणको प्रक्रियामा ३ केजी पोटास एकैपटकमा रिजर्भायरमा मिसाएको र खानेपानी झनै विषाक्त भएको भन्ने थियो) अनुसार, अध्ययन क्षेत्रमा खानेपानी शुद्धीकरणको प्रक्रिया त्रुटिपूर्ण भएको देखिन्छ ।

उप्रेती लगायत अन्य (२०१४)मा उल्लेख गरिएअनुसार, एसएलआरसी अनुसन्धानको मूलभूत विषय अन्तर्गत 'राज्यको क्षमता' पनि पर्दछ । यस सन्दर्भमा एलजिसिडिपी अन्तर्गत नेपाललाई आर्थिक/प्राविधिक सहायता प्रदान गरेका अन्तर्राष्ट्रिय सहायता नियोगहरूको सहयोगले सेवाप्रवाहमा राज्यको क्षमता निर्माण र प्रभावकारी राज्य निर्माणकार्यमा थप सहयोग पुगेको देखिन्छ । खानेपानीको मात्रा र गुणस्तरीयताको अवस्था अझैपनि गुनासायुक्त भएपनि विगतको तुलनामा एलजिसिडिपी सहयोग सेवाप्रवाह सुधारकालागि महत्वपूर्ण भएको देखिन्छ र उक्त सहयोगले समुदायका सदस्यहरू, संस्थाहरू र सेवा प्रणालीको क्षमतामा उल्लेखनीय विकास भएको देखिन्छ ।

## ६. निष्कर्ष

स्थानीय प्रशासन, राज्य-समाज सम्बन्ध र खानेपानी तथा सरसफाइको सेवामा एलजिसिडिपी सहायताले पारेको प्रभावको बारेमा जानकारी प्राप्त गर्न यस अध्ययनलाई इलाम जिल्लाको इलाम नगरपालिकामा लागू गरिएको थियो । यस खण्डमा अध्ययनबाट प्राप्त मुख्य नतिजाहरूलाई प्रतिबिम्बित गर्दै अध्ययनको निष्कर्ष निकालिएको छ ।

स्थानीय प्रशासन र सामाजिक-राजनीतिक सन्दर्भहरूमा केही चुनौतीहरू कायमै रहेको भएतापनि खानेपानी तथा सरसफाइ सेवाप्रवाहमा एलजिसिडिपीको सहायताले विगतको अवस्थासँग तुलना गरी हेर्दा सकारात्मक नतिजाहरू

प्राप्त गरेको देखिन्छ । एलजिसिडिपीबाट प्राप्त सहयोगले राज्य (अध्ययन क्षेत्रको हकमा, इलाम नगरपालिका)को खानेपानी तथा सरसफाइको सेवा प्रवाह गर्ने क्षमतामा उल्लेखनीय सुधार भएको छ । प्राप्त सहयोगको परिचालन गरेर इलाम नगरपालिका कार्यालयले खानेपानीका मुहानहरूलाई विगतको तुलनामा धेरै सुरक्षित राख्न र आपूर्ति व्यवस्थामा सुधारगर्न सक्षम भएको देखिन्छ । यद्यपि, अध्ययन क्षेत्रमा उपलब्ध खानेपानीको गुणस्तर र मात्राको विषयलाई लिएर उपभोक्ताहरू असन्तुष्ट देखिन्छन् । सेवाप्रदायकले पनि खानेपानीका संरचनाहरूको समयमै मर्मत गर्न नसकेको देखिन्छ ।

कुनै वर्ग, जातजाति वा अन्य विविध सामाजिक चरित्रका व्यक्तिहरूलाई वहिष्करण भएको खण्डमा पूरै विकास प्रक्रिया र सेवाप्रवाह नै गैर–समावेशी हुन्छ । लिङ्ग, जाति, जातीयता, भौगोलिक अवस्थिति र वित्तीय अवस्था आदि सेवाको पहुँच र सहभागितासम्बन्धित विकास परिणामका मुख्य निर्धारक हुन् । जब यी निर्धारकहरूलाई बेवास्ता गरिन्छ तब विकास प्रक्रिया र समुदायको क्षमता निर्माणका उद्देश्य पनि अपूरा हुन्छन् । समावेशी सेवाप्रवाहमा एलजिसिडिपीले पारेको प्रभावबारे गरिएको यस अध्ययनले केही उल्लेखनीय प्रशासनिक बाधा/व्यवधान कायमै रहेको देखाउँछ । आवश्यक प्रशासनिक कामहरूमा ढिलासुस्ती छ, बजेट वितरणमा राजनीतिक प्रभाव कायमै छ, खानेपानी वितरणमा पनि राजनीतिक तथा अन्य सामाजिक प्रभावहरू कायमै छन् र अवैधानिक कामहरू दण्डित भएका छैनन्, जसकाकारण सेवाप्रवाह उच्चकोटिको बन्न सकेको छैन । प्रशासनिक प्रावधानअनुसार समानताको सवाल कार्यान्वयन हुननसक्नु, उचित खानेपानीमा पहुँचबारेका गुनासा धेरै हुनु, र सेवाप्रदायकको आर्थिक–प्राविधिक क्षमता कमजोर हुनु आदि मुख्य चुनौतीकारूपमा देखिन्छन् ।

यस अध्ययनले वित्तीय पहुँच तथा सामाजिक बाधा/व्यवधान सम्बन्धी चुनौतीहरूपनि उजागर गरेकोछ । अध्ययन क्षेत्रमा बसोवास गर्ने तुलनात्मकरूपमा गरिब घरधुरीहरूले पनि खानेपानी सेवाप्राप्त गर्न आर्थिक लगानी गर्नुकासाथै तोकिएको समयमा श्रमदानपनि गर्दैआएकाछन् । तर स्रोतबाट टाढाको दूरीमा बस्ने घरधुरीहरूले पर्याप्त लगानी गर्न सकेकाछैनन् । उनीहरूको हकमा सेवाप्रदायकले पनि आर्थिक–प्राविधिक लगानी गरी सेवा विस्तार गर्न सकिरहेको छैन् । अध्ययनमा प्राप्त प्रमाणहरूले भौतिक पहुँच र आर्थिक पहुँचलाई समावेशी खानेपानी सेवाप्रवाहका विद्यमान चुनौतीकारूपमा प्रस्तुत गरेकाछन् ।

अध्ययन क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवामा प्रभाव पार्नेगरी सक्रिय सामाजिक विभेदको अवस्था भने देखिँदैन । विशेषगरी महिलाहरूलाई खानेपानी संकलन गर्नुपर्ने जिम्मेवारीको बोझले उनीहरूको जीवनप्रक्रियालाई नै असहज बनाएको यस अध्ययनले देखाएको छ । अध्ययन क्षेत्रमा बसोबास गर्ने आर्थिक अवस्था कमजोर भएका घरधुरीहरू, महिला प्रमुख अभिभावक रहेका घरधुरीहरू, नयाँ बसाइँसरी आएका घरधुरीहरू र दलित घरधुरीहरूको खानेपानी सेवाप्रवाहमा तुलनात्मकरूपमा कम पहुँच रहेको देखिन्छ ।

सामुदायिक सहभागिता, स्थानीय प्रशासन र राज्य–समाज सम्बन्ध निर्माणको सन्दर्भमा हेर्दा अवस्थामा केही सुधार भएको देखिन्छ । खानेपानी व्यवस्थापन समितिको गठन हुनुले विभिन्न सामाजिक पृष्ठभूमिका स्थानीयहरूले बैठकहरूमा सहभागी हुन र आफ्ना विचारहरू राख्न पाएकाछन् । यसैगरी, खानेपानी व्यवस्थापनमा सहभागी भएका स्थानीयहरू अन्य क्षेत्रका संघसंस्थाहरूमा पनि आवद्ध हुने क्रम बढेको कुरा यस अध्ययनले देखाएकोछ । भ्रष्टाचार, स्थानीय प्रशासनिक व्यवधान, ढिलासुस्ती आदि पक्षहरूमा अझैपनि सुधारको आवश्यकता छ । यद्यपि, राज्य–समाजको सम्बन्ध सुधार गर्न र खानेपानी सेवाप्रदायकको क्षमता सुधार गर्नमा एलजिसिडिपी सहायताले महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

खानेपानी व्यवस्थापन समितिहरूको अनौपचारिक हैसियतका कारण समुदायले सेवा प्रवाह र जवाफदेहितामा प्रभाव राख्न पूर्ण समर्थ भएका छैनन्। आशा गरेअनुरूपको प्रगति नभएको भएपनि एलजिसिडिपीले विकासमा समुदायको सहभागिताको सन्दर्भमा योगदान पुऱ्याएको छ। कतिपय सन्दर्भमा समावेशीकरणका विषय नै स्थानीय राजनीतिक प्रभाव र प्रशासनिक व्यवधानका कारण परिणाममुखी हुनसकेको छैन।

स्थानीय विकास र शासन प्रक्रियामा समुदायको अर्थपूर्ण सहभागिताका लागि एलजिसिडिपीको आर्थिक-प्राविधिक सहायता प्राप्त भएको भएतापनि, खानेपानी तथा सरसफाइ सेवाप्रवाहको क्षेत्रमा स्थानीय सरकारी निकायहरूको प्रदर्शनलाई अवलोकन र मूल्याङ्कन गर्ने एउटा जवाफदेही र उत्तरदायी संयन्त्र आवश्यक रहेको यस अध्ययनले देखाएको छ। अध्ययनमा सहभागी उत्तरदाताहरू कुनै न कुनैतवरले खानेपानीका कार्यक्रमहरूमा आवद्ध भएतापनि खानेपानीका मुहान व्यवस्थापनकालागि आवश्यक स्रोतको अभाव भएको, फोहोर मैला व्यवस्थापनको प्रणाली र नीति कमजोर रहेको, स्थानीयस्तरमा नियम र निर्देशिकाहरू पालना गर्न लगाउने संयन्त्रको अभाव भएको उनीहरूको गुनासो कायमै रहेको यस अध्ययनले देखाएको छ।खानेपानी तथा सेवाप्रवाहको सन्दर्भमा नगरपालिका कार्यालयसँग उपयुक्त किसिमका संस्थागत प्रबन्ध, उप-नियम तथा आचरण कोडको अभाव भएको देखिन्छ। सँगसँगै, खानेपानी तथा सरसफाइ सेवालाई अझबढी प्रभावकारी बनाउन नगरपालिका कार्यालयले स्थानीय सरकारका अन्य समानान्तर निकायहरू र राष्ट्रिय/अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग परिणाममुखी सहकार्य गर्न तथा अर्थपूर्ण सम्बन्ध विस्तार गर्न आवश्यक छ।

खानेपानी तथा सरसफाइ सेवाप्रवाहलाई प्रभावकारी बनाउन सम्बन्धित सेवाप्रदायकको हैसियतमा नगरपालिका कार्यालयसँग डेटावेसको अभाव हुनुकासाथै दक्ष तथा अनुभवी प्रशिक्षकहरूको पनि अभाव रहेको देखिन्छ। नगरपालिका कार्यालयले जवाफदेहिता कायम गर्नपनि खानेपानी कार्यक्रमहरूको नियमित अवलोकन, मूल्याङ्कन, मर्मत, पुनर्निर्माण गर्न आवश्यक छ। प्रत्येक खानेपानी कार्यक्रमकालागि तोकिएका संचालकहरूले खानेपानीको समान वितरण गरेनगरेको तथा कहीँकसैको सामाजिक-राजनीतिक प्रभावमा परेनपरेको आदिबारेमा नगरपालिका कार्यालयले नियमित अवलोकन/मूल्याङ्कन गर्नुपर्ने देखिन्छ। आधिकारिक खानेपानी व्यवस्थापन समिति दर्ता हुननसक्नु र खानेपानी कार्यक्रममा आफ्नो स्वामित्व पनि नभएको अवस्थामा स्थानीयहरूले खानेपानीको व्यवस्थापनमा सक्रियरूपमा खटिन असहज महसुस गर्छन् र उनीहरू सेवाप्रदायकबाट नै सहयोगको अपेक्षा गर्छन्।

यस अध्ययनले पत्ता लगाएअनुसार, क्षमता निर्माणको सन्दर्भमा संस्थागत, व्यक्तिगत तथा प्रणालीगत क्षमता निर्माणमा केही सकारात्मक सुधार देखिएको भएतापनि ती आशागरेअनुरूप भएका छैनन्। खानेपानी व्यवस्थापन समितिहरू आधिकारिकरूपमा दर्ता हुनुपर्ने र सम्बन्धित खानेपानी कार्यक्रमहरूको स्वामित्व समितिमै निहित हुनुपर्ने भन्ने स्थानीयहरूको मागले खानेपानी व्यवस्थापन समितिहरूको आफैँमा संगठित हुने र काम गर्ने क्षमतामा विकास भएको देखिन्छ। यसैगरी, विकास नतिजा प्राप्त गर्ने क्षमता, सहयोग सम्बन्ध स्थापित गर्ने क्षमता, अनुकूलन तथा नवीकरण गर्ने क्षमता र तार्किकता तथा नियमितता प्राप्त गर्ने क्षमतामा एलजिसिडिपी सहायता प्राप्त गरेपश्चात उल्लेखनीय सुधार भएको अध्ययनमा प्राप्त प्रमाणहरूले देखाउँछन्।

# सन्दर्भ सूची

**आचार्य, जी., उप्रेती, बी. आर., पौडेल, एस बी., तण्डुकार, ए., र हार्भे, पी.**, (२०१५) । 'द ड्रिङ्किङ्ग वाटर सर्भिस एण्ड युजर्स पर्सेप्सन अफ द स्टेट इन रोल्पा, नेपाल' । एसएलआरसी कार्यपत्र ३५ । लण्डनः सुरक्षित जीविकोपार्जन अनुसन्धान कन्सोर्टियम (सेक्योर्ड लाइभ्लिहुड्स रिसर्च कन्सोर्टियम) (एसएलआरसी) ।

**एडिबी.**, (२०१०) । 'ओभरभ्यू अफ जेण्डर इक्कालिटी एण्ड इन्क्लुजन इन नेपाल' । मेट्रो मनिलाः एसियाली विकास बैंक ।

**आइसिएआई.**, (२०१४) । 'डएफआडिज् अप्रोच टु एन्टि-करप्सन एण्ड इट्स इम्प्याक्ट अन द पुअर' । द इन्डिपेन्डेन्ट कमिसन फर एइड इम्प्याक्ट ।

**इलाम नगरपालिका कार्यालय.**, (२०१४) । 'प्रोफाइल अफ द इलाम म्युनिसिपालिटी' । इलामः इलाम नगरपालिका ।

**इलाम नगरपालिका कार्यालय.**, (२०१३) । 'प्रोफाइल अफ द इलाम म्युनिसिपालिटी' । इलामः इलाम नगरपालिका ।

**एलजिसिडिपी.**, (२०१३) । 'लोकल गभर्नेन्स एण्ड कम्युनिटी डिभलपमेन्ट प्रोग्राम (एलजिसिडिपी क्ष्क्ष)ः प्रोग्राम डकुमेन्ट (२०१३/२०१४ – २०१६/२०१७) । काठमान्डुः नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, लोकल गभर्नेन्स एण्ड कम्युनिटी डिभलपमेन्ट प्रोग्राम ।

**एलजिसिडिपी.**, (२०१०) । 'मासमेडियाज् रोल इन स्ट्रेन्देनिङ्ग लोकल गभर्नेन्स' । काठमाण्डुः नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, लोकल गभर्नेन्स एण्ड कम्युनिटी डिभलपमेन्ट प्रोग्राम ।

**एलजिसिडिपी.**, (२००८) । 'प्रोग्राम डकुमेन्ट ११ जुलाई २००८' । काठमान्डुः नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, लोकल गभर्नेन्स एण्ड कम्युनिटी डिभलपमेन्ट प्रोग्राम ।

**मलेट, आर., हार्भे, पी., र स्लाटर, आर.**, (२०१४) । 'हाऊ टु स्टडी क्यापासिटी सर्पोट टु स्टेट्स इन फ्रजाइल एण्ड कन्फ्लिक्ट-एफेक्टेड सिचुएसन्स्ः एन एनालिटिकल फ्रेमवर्क' । लण्डनः सुरक्षित जीविकोपार्जन अनुसन्धान कन्सोर्टियम (सेक्योर्ड लाइभ्लिहुड्स रिसर्च कन्सोर्टियम) (एसएलआरसी) ।

**एमओएलडी**, (२०१२) । 'पब्लिक एक्सपेन्डिचर एण्ड फाइनान्सियल एकाउन्टिब्लिटी एण्ड फिडुसियरी रिस्क रिडक्सन् एक्सन प्लान' । काठमान्डुः नेपाल सरकार, स्थानीय विकास मन्त्रालय ।

**राउटानेन, एस एल., भन कोप्पेन, बी., र वाग्ले, एन.**, (२०१४) । ' कम्युनिटी-ड्राइभन मल्टिपल युज वाटर सर्भिसेसः लेसन्स लर्न्ड वाई द रुरल भिलेज वाटर रिसोर्सेस म्यानेजमेन्ट इन नेपाल' । वाटर अल्टरनेटिभ्स ७ (१)ः १६०–१७७ ।

**उप्रेती, बी आर., उप्रेती, पी., हागेन-जंकर, जे., र मलेट, आर.**, (२०१४) । 'सर्भेइङ्ग लाइभ्लिहुड्स, सर्भिस डेलिभरी एण्ड गभर्नेन्सः वेसलाइन इभिडेन्स फ्रम नेपाल' । एलएलआरसी कार्यपत्र १३ । लण्डनः सुरक्षित जीविकोपार्जन अनुसन्धान कन्सोर्टियम (सेक्योर्ड लाइभ्लिहुड्स रिसर्च कन्सोर्टियम) (एसएलआरसी) ।